# अध्याय एक
# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक **'सिन्धुलीबाट प्रकाशित दैनिक समाचारपत्रमा प्रयुक्त नेपाली भाषाको वर्णविन्यासगत त्रुटिको अध्ययन'** रहेको छ । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को प्रयोजनका निम्ति तयार पारिएको छ । नेपाली समाचारका क्षेत्रमा भाषाको महत्वपूर्ण स्थान रहेको छ । मुख्य-मुख्य समाचारका भाषाहरु सबैका आँखामा पर्ने हुनाले त्यो शुद्ध र परिष्कृत हुनु जरुरी छ । त्यसो त पत्रकारिताका क्षेत्रमा विभिन्न पुस्तकहरु पनि प्रकाशित भइरहेका छन् । सिन्धुलीको पत्रकारिताका सन्दर्भमा भाषा पनि एक खट्किएको विषय बन्न पुगेकोले समाचार पत्रमा प्रयुक्त भाषाको अध्ययन सान्दर्भिक ठहरिनाले सोही पृष्ठभूमिमा रहेर यो अध्ययन हुन पुगेको हो ।

## १.२ समस्याकथन

भाषा विचार विनिमय गर्ने माध्यम भएकै कारण एक अर्काका बीच सम्प्रेष्य हुनु आवश्यक छ । भाषाको आधुनिकीकरणसँगै यसको प्रयोग क्षेत्र पनि फैलिदै जान्छ । मूलतः नेपाली भाषाको पनि प्रयोग क्षेत्र बढ्दै जाँदा सञ्चार जगत्मा पनि यसको प्रयोग हुन थाल्यो । हरेक विषयमा विविध स्तम्भहरूका माध्यमले भाषाको सम्प्रेषणात्मक भूमिका निभाउन थालियो । जसमा वर्णविन्यासलाई समाचारपत्रको सबैभन्दा प्रभावशाली स्तम्भका रूपमा लिइन्छ । यो पत्रिकाको आफ्नो विचार तथा दृष्टिकोण राख्ने थलो हो । समाचार सामान्यभन्दा समान्य पाठकले बुझ्ने भाषामा लेखिनु पर्छ । समाचारमा सरलता, सहजता, स्पष्टता, वस्तुनिष्ठता, निष्पक्षता, समसामयिकता एवम् संक्षिप्तता हुनु जरूरी मानिन्छ साथै विचारको सन्तुलित प्रयोग पनि आवश्यक मानिन्छ ।

नेपाली भाषाको प्रयोगका सन्दर्भमा मानक रूपको निर्धारण भैसकेको छैन । फलस्वरूप नेपाली भाषाको प्रयोगमा विविधता पाइन्छ । जसको कारण आ-आफ्नै इच्छा, रूची र आग्रहले भाषाको प्रयोग गर्ने प्रचलन रहेको देखिन्छ । नेपाली भाषाको सन्दर्भमा भन्नुपर्दा पत्रकारितामा भाषाको प्रभाव ज्यादै महत्त्वपूर्ण हुन्छ । किनकी भाषा भनेको पत्रकारिताको हतियार हो । यसका लागि पत्रकारसँग भाषा खेलाउने खुबी हुनुपर्दछ । पत्रकारको भाषा साहित्यमा जस्तो क्लिष्ट र अप्रत्यक्ष हुनुहुँदैन । समाचार लेखनको मूल उद्देश्य सूचनाको प्रवाह र ज्ञानको हस्तान्तरण तथा मनोरञ्जन पनि हो । त्यसकारण नेपाली समाचारहरूमा भाषाको प्रयोगमा विविधता पाइन्छ । यसै सन्दर्भमा समाचारपत्रमा प्रयुक्त नेपाली भाषालाई निम्न समस्यामाथि केन्द्रित गरिएको छ :

१. समाचारपत्रहरूको भाषाको स्वरूप कस्तो छ ?

२ .समाचारमा प्रयुक्त भाषिक विशेषताहरू के-कस्ता छन् ?

३. समाचारपत्रमा के-कस्ता भाषिक त्रुटिहरु देखिएका रहेका छन् ?

४. त्रुटि निराकरणका उपायहरू के-के हुन सक्छन् ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत शोधपत्रको विषयको समस्या कथनमा प्रस्तुत गरिएका प्राज्ञिक जिज्ञासा अथवा समस्याजन्य प्रश्नहरूको समाधानका लागि अपनाइने क्रमबद्ध कार्यहरूको सटिक सङ्केतलाई शोधका उद्देश्य भनिन्छ । कुनै पनि उद्देश्य सरल, स्पष्ट, संक्षिप्त, दर्शनीय र मापनीय हुनुपर्छ । उद्देश्य विना कुनै पनि कार्य सफल र पूर्ण हुँदैन । उद्देश्य नै भावी अध्ययन विधि र प्रक्रियाहरूको मुटु भएकाले त्यसले समग्र शोध कार्यलाई निर्देशित गर्न सक्नु पर्दछ । प्रस्तुत शोधप्रस्तावका निम्नलिखित उद्देश्यहरू रहेको छ :

१.समाचारपत्रको भाषाका स्वरूप पहिचान गर्नु ।

२.समाचारमा प्रयुक्त भाषिक विशेषताहरूको अध्ययन गर्नु ।

३. समाचारपत्रमा प्रयुक्त भाषिक त्रुटिहरूको प्रयोगको अवस्था पहिल्याउनु ।

४. त्रुटि निराकरणका उपायहरू सुझाउनु ।

## १.४ अध्ययनको औचित्य

'अध्ययनको औचित्य भनेको आफ्नो प्रस्तावित शोधको विषय, प्रक्रिया र प्राप्ति के कति कारणले उचित छ, त्यसले के कस्ता क्षेत्रमा को कसलाई कसरी लाभान्वित गर्न सक्छ र सम्बद्ध विषय क्षेत्रमा त्यसले कस्तो योगदान दिन सक्छ भन्ने कुराको तर्कसङ्गत पुष्टि दिनु हो' (पौडेल, २०६७ :२५१) । प्रस्तुत अध्ययनले विशेषतः जो भाषा समाचारसँग सम्बन्धित छ त्यसलाई बढी महत्त्वपूर्ण खुराक मिल्ल सक्छ । यो शीर्षकीय अध्ययनबाट भाषा अध्ययन तथा अनुसन्धान गर्ने जो कोहीलाई पनि थप सहयोग पुग्नेछ । अझ भन्नुपर्दा आफ्नो जीवनलाई भाषाको व्यवसायसँग सम्बन्धित गराएको छ त्यसलाई झन् थप लाभ मिल्ने छ ।

दैनिक पत्रकारितामा समाचारले प्रमुख स्थान ओगटेको पाइन्छ । पत्रपत्रिकाका विभिन्न खण्डहरू मध्ये समाचारको आफ्नै स्वरूप र शैली हुन्छ । नेपाली भाषामा प्रकाशित हुने राष्ट्रिय दैनिक पत्रिकामा रहेका समाचारपत्रको भाषिक समस्या ठम्याई तिनीहरूको निराकरणका लागि सुझाव दिइएको छ । समाचारपत्रको प्रथम पृष्ठमा सर्वाधिक महत्त्वपूर्ण समाचारहरू हुन्छन् । यो पत्र पत्रिकाको अखवारको प्रतिष्ठासँग गाँसिएको हुन्छ । यसले सबैभन्दा पहिले पाठकका ध्यान आकर्षित गर्ने हुनाले यसले सम्पूर्ण अखवारको प्रतिनिधित्व गर्छ भन्ने मान्यताका आधारमा यस शोध कार्यमा प्रथम पृष्ठका समाचारलाई अध्ययनका लागि छानिएको छ ।

सामान्यतयाः समाचारको भाषा भनेको मुटु हो । भाषाले  पत्रिकाको स्तरलाई पहिल्याउने काम गर्दछ । भाषालाई आधिकारिक पाठ्यसामाग्रीका रूपमा प्रयोग गर्ने प्रत्येक शिक्षक र विद्यार्थीका लागि पनि बढी उपयोगी हुनेछ । त्यसैगरी पत्रिकामा कार्यरत समाचार लेखक, सम्पादक र नीति निर्माताहरूलाई पनि यसले सहयोग पुग्नेछ । समाचारमा प्रयोग भएको भाषाको बारेमा सामान्य पाठकदेखि विज्ञ अनुसन्धानकर्तासम्म लाई जानकारी दिन तथा भविष्यमा हुने आमसञ्चार र समाचारपत्रसँग सम्बन्धित अध्ययन अनुसन्धानलाई मार्गनिर्देशन गर्न पनि प्रस्तुत अध्ययन प्रभावकारी र महत्त्वपूर्ण हुने देखिन्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

सिन्धुलीबाट प्रकाशित हुने नेपाली राष्ट्रिय दैनिक अखवारमध्ये प्रत्येक दिन बिहान निस्कने **जनबोली सन्देश, प्रभात समाचार र सिन्धुली सौगात**लाई मात्र लिइएको छ । काठमाडौँबाट प्रकाशित हुने अन्य ठूला पत्रपत्रिका भने यसको अध्ययनको क्षेत्रभित्र पर्दैनन् । प्रस्तुत शोधपत्रको शीर्षक 'सिन्धुलीबाट प्रकाशित दैनिक समाचारपत्रहरूमा प्रयुक्त नेपाली भाषाको अध्ययन' भन्नासाथ धेरै विस्तृत अध्ययन र विवेचना तथा विश्लेषण सीमित समयमा गर्न नसकिने भएकाले नै विभिन्न प्रकाशनद्वारा प्रकाशित भएका पत्रपत्रिकामध्ये तीन वटा दैनिक पत्रिकाको १० वटा अङ्कको मुख पृष्ठको भाषाको अध्ययनलाई मात्र विश्लेषण गरिएको छ । प्रस्तुत शोध कार्यमा भाषिक सङ्गठनलाई नै बढी जोड दिइएको हुँदा वाक्य भन्दा माथिल्लो तहमा गएर भाषालाई हेर्ने काम गरिएको छैन । समाचार पत्रमा प्रयुक्त भाषामा पनि लेख, रचना, अन्तर्वार्ता, पाठक प्रतिक्रिया, साहित्य जस्ता विभिन्न स्तम्भहरू हुन्छन् तर समाचार बाहेक अन्य स्तम्भका भाषामा साहित्यिक कुरा पनि दिइने हुँदा प्रस्तुत शोधकार्यका लागि विशुद्ध समाचार तथा समाचारमुखी लेखनलाई मात्र नमुनाका रूपमा लिइएको छ ।

प्रस्तुत शोधपत्रलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

१) प्रस्तुत शोधपत्र सिन्धुलीबाट प्रकाशित समाचारको नेपाली भाषाको अध्ययनमा मात्र सीमित रहेको छ । (**जनबोली सन्देश, प्रभात समाचार र सिन्धुली सौगात**)

२) प्रस्तुत शोधपत्रका लागि नमुनाका रूपमा वि.सं. २०७० सालको फाल्गुन महिनाका १० वटा अङ्कका तीन वटा पत्रिकाको मुख पृष्ठका समाचारपत्रलाई मात्र लिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

यो शोधपत्र निम्न संरचनामा संरचित रहेको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

अध्याय तीन : अध्ययन विधि

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष, सुझाव र उपयोगिता

**सन्दर्भसामग्रीसूची**

**परिशिष्ट**

**व्यक्तिवृत**

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा पूर्वकार्यको समीक्षा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि शोध कार्य गर्नु अगाडि सम्बन्धित क्षेत्रमा यसभन्दा अगाडि के कस्ता अध्ययन अनुसन्धानहरू भएका छन् भनी आवश्यक जानकारी प्राप्त गर्न शोधकर्ताले पूर्वकार्यको समीक्षा गर्नु आवश्यक हुन्छ । पूर्वकार्यको समीक्षाले अध्ययनको क्षेत्रमा ज्ञान बढाउनुका साथै सो क्षेत्रमा प्रयोग गरिएका सिद्धान्त र विधि प्रविधिहरूको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । आजको सञ्चारको युगमा आमसञ्चारको धेरै महत्त्व रहे पनि आमसञ्चारमा प्रयुक्त भाषाका बारेमा अध्ययन अनुसन्धान ज्यादै कम भए पनि नयाँ स्तम्भका बारेमा भाषिक अध्ययन नगरेको सन्दर्भ देखिन्छ । त्यसैले यो अध्ययन समाचारको वर्णविन्याससँग सम्बन्धित छ । सिन्धुलीबाट प्रकाशित समाचारपत्रको वर्णविन्यासमा प्रयुक्त भाषाको अध्ययन अनुसन्धान कोही कसैबाट भएको पाइदैन । समाचारको वर्णविन्यासमा प्रयुक्त भाषाको अध्ययनका क्रममा देखिएको कार्यको समीक्षाबाट निम्नलिखित निष्कर्ष निकालिएको देखिन्छ :

भेषराज घिमिरे (२०५७) द्वारा **'प्रयोजनपरक भेदका रूपमा समाचार पत्रिकाका शीर्षकहरूको अध्ययन'** नामक शीर्षकमा शोध तयार पारिएको देखिन्छ । हाम्रो दैनिक प्रयोगको भाषा र समाचारपत्रको भाषामा समानता पत्ता लगाउनु, शुद्धता र सरलताको ख्याललाई ठम्याउनु, जहाँतहीँ प्रयोग गर्ने भाषालाई विद्वानले समाचारपत्रमा कसरी प्रयोग गरेका छन् भन्ने पत्ता लगाउनु आदि उद्देश्य राखी २०५४ वैशाखदेखि चैत्रसम्म प्रत्येक महिनाका एक-एक पत्रिकाहरू गरी जम्मा ५९ वटा पत्रिकाका शीर्षकहरूको मात्र अध्ययन गरिएको छ ।

पूर्णचन्द्र बरालले (२०६४) द्वारा **'नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त भाषाको वर्णविन्यासको अध्ययन'** (२०६४) नामक शीर्षकमा नेपाली भाषा शिक्षा केन्द्रीय विभाग अन्तर्गत रही शोधपत्र तयार पारेका छन् । यो अध्ययनमा वर्णविन्याससम्बन्धी वर्तमान स्थिति जसमा ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, हलन्त-अजन्त, 'श', 'ष', 'स', 'व', 'ब', 'ट', र 'त', 'ए', र 'य', 'ङ', 'ञ',

'ण', 'न', 'म', चन्द्रबिन्दु, शिरबिन्दुका क्षेत्रमा देखिएका त्रुटिआदिलाई समेटिएको छ । दैनिक समचारपत्रहरू गोरखापत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट र नयाँ पत्रिकाका प्रथम पृष्ठमा मात्र प्रयोग भएको भाषाको वर्णविन्यास सम्बन्धी त्रुटिको अध्ययन गरिएको पाइन्छ ।

श्रीराम खनाल (२०६४) द्वारा '**आमसञ्चार र पत्रकारिता**' पुस्तकमा सम्पादकीयको छोटो चिनारी दिँदै सम्पादकीयको काम संरचना, र सम्पादकीय लेख्दा ध्यान दिनुपर्ने कुराहरू प्रस्तुत गरेका छन् । खनालले सम्पादकीयलाई समाचारपत्रले कुनै पनि विषयवस्तु वा मुद्दामा मत वा विचार प्रकट गर्ने विश्लेषणत्मक लेख हो भनेका छन् । उनले सम्पादकीयले भ्रष्टचार, सामाजिक विसङ्गति एवं अनियमितता हटाउन सहयोग गर्ने, पाठकलाई शिक्षित गराउने, नैतिकता एवं कर्तव्यको बोध गराउने, मनोरञ्जन प्रदान गर्ने, सुझाव सल्लाह दिने, पत्रिकाको गुणस्तर मापन गर्ने र जनमत निर्माण गर्ने जस्ता काम गर्दछ भनेका छन् ।

शिवप्रसाद तिमल्सेना (२०६६) द्वारा **'गोरखापत्रको सम्पादकीयमा प्रयुक्त भाषाको अध्ययन'** नामक शीर्षकमा शोध तयार पारिएको देखिन्छ । यस अध्ययनमा सामग्री सङ्कलनका निम्ति पुस्तकालय अध्ययन विधिलाई आत्मसात् गरी वर्णनात्मक तथा विश्लेषणात्मक पद्धति अँगालिएको छ । प्रस्तुत शोधका लागि २०६६ असार १ गतेदेखि २०६६ साउन ३० गतेसम्म गोरखापत्र दैनिकमा प्रकाशित ६० वटा नियमित अङ्कका ५२ वटा सम्पादकीयलाई नमुना छनोटका लागि लिइएको छ । नेपालमा पत्रिकाको सम्पादकीय लेखनको सुरूवात गोरखापत्रबाट भएको, गोरखापत्रका धेरैजसो सम्पादकीयहरूले २ अनुच्छेदको संरचना, राजनैतिक विषयवस्तु, अनुरोधात्मक शैली र ४ शब्दको शीर्षक संरचना अँगालेका, गोरखापत्रको सम्पादकीयमा औपचारिक भाषाको प्रयोग गरिएको, सम्पादकीयमा जटिल, अभूत काल, सामान्य पक्ष र कर्तृवाच्यका वाक्यहरू बढी प्रयोग भएको, अध्ययन गरिएका सम्पादकीयमा व्युत्पन्न शब्द बढी प्रयोग गरिएको छ भने १० वटा उखानको समेत प्रयोग गरिएको, सम्पादकीयमा पदसङ्गति नमिलेका केही वाक्यहरू हेर्दा गोरखापत्रका सम्पादकीयहरू उपयुक्त र सान्दर्भिक नै देखिन्छन् भनी निष्कर्ष निकालिएको छ ।

शक्तिराज नेपाल (२०६६) द्वारा '**नेपाली समाचार पत्रको कार्टुन स्तम्भमा प्रयुक्त नेपाली भाषाको अध्ययन**' नामक शीर्षकमा अध्ययन भएको छ । यस अनुसन्धान कार्यमा प्रतिनिधि सामग्रीका

रूपमा चारवटा पत्रिका (कान्तिपुर, गोरखापत्र, नागरिक दैनिक र अन्नपूर्ण पोष्ट) का एक महिनाका अङ्कहरूमा प्रयुक्त भएका कार्टुनमा प्रयुक्त भाषाको सङ्कलन गरी अध्ययन गरिएको छ । कार्टुनका भौतिक विशेषता पहिल्यानु, कार्टुनमा प्रयुक्त भाषाको वाक्यढाँचा र वाक्यकोटिको पहिचान गर्नु, शब्द प्रयोगगत प्रवृत्तिलाई पहिल्यानु र कार्टुनमा प्रयोग भएको भाषाको शैलीको विश्लेषण गरिएको उक्त शोधपत्रमा विशेषतः पुस्तकालयीय विधि तथा वर्णनात्मक विधि अपनाइएको छ । उक्त अध्ययनमा प्रत्यक्ष कालभन्दा अप्रत्यक्ष काल र सोझो भन्दा घुमाउरो कथनको प्रयोग, अपूर्ण वाक्य, सरल वाक्य, समापिका र असमापिकायुक्त, जटिल वाक्य, मुख्य उपवाक्य, आश्रित उपवाक्य र उक्ति परिवर्तनको शैलीलाई कार्टुन प्रस्तुतीको मुख्य आधार बनाइएको छ । वाक्यकोटि, शब्द प्रयोग तथा सङ्गति र असङ्गतिपूर्ण प्रस्तुतिमा विविधता पाइने निष्कर्ष निकालिएको छ ।

गङ्गा ढुङ्गाना (२०६६) द्वारा **'नेपाली दैनिक समाचारपत्रहरूमा प्रयुक्त भाषाको अध्ययन'** ( नामक शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । प्रतिनिधि नमुना छनोटका लागि गोरखापत्र, कान्तिपुर र अन्नपूर्ण पोष्ट पत्रिकालाई लिइएको पाइन्छ । उक्त पत्रिकामा प्रयुक्तक भाषिक स्वरूप पहिल्याउनु, भाषिक त्रुटिको पहिचान गर्नु, समाचार प्रस्तुतिको तुलनात्मक अध्ययन गर्नु आदि उद्देश्यहरू राखी गरिएको अध्ययनमा समाचार खण्डमा नदोहोरिएका शब्दहरूको मात्र सङ्कलन गरी शब्दकोशीय वर्णानुक्रमानुसार तालिकामा राखी वर्णविन्यासगत त्रुटिहरूलाई केलाउने र समाचारका प्रस्तुतीकरणको तुलनात्मक अध्ययन गर्ने कार्य गरेको पाइन्छ ।

राजेन्द्र दाहाल (२०६७) द्वारा **'नेपाली समाचारपत्रका विज्ञापन खण्डमा प्रयुक्त नेपाली भाषाको अध्ययन'** नामक शीर्षकमा शोधपत्र तयार पारिएको देखिन्छ । यस शोधपत्रको मुख्य उद्देश्य विज्ञापनको आकार, प्रकार, विषय, रङ्ग पहिल्याउनु, विज्ञापनमा प्रयोग भएका भाषाको शैली पत्ता लगाउनु, विज्ञापनमा प्रयुक्त भाषाको वाक्य संरचना पहिल्याउनु र विज्ञापनमा भाषिक कोड मिश्रणको अवस्था पत्ता लगाउनु रहेको छ । नमुना सामग्रीको रूपमा विज्ञापनहरूलाई विभिन्न तीनवटा पत्रिकाहरूबाट लिइएको छ । जसमध्ये कान्तिपुरबाट ११अङ्क, नागरिक दैनिकबाट १५ अङ्क, अन्नपूर्ण पोष्टबाट २४ अङ्क गरी एक महिनाभित्रका जम्मा ५० वटा अङ्कमा प्रकाशित विज्ञापनलाई मात्र प्रयोजनका आधारमा विज्ञापन लेखनको भाषा फरक-फरक भएको बताइएको

छ । अध्ययन गरिएका धेरैजसो विज्ञापनमा अभूत कालको प्रयोग गरिएको, क्रियाको पक्षको सन्दर्भमा विज्ञापनमा सबैभन्दा बढी सामान्य पक्षको प्रयोग भएको, त्यस्तै ध्रुवीयताको आधारमा विज्ञापनमा अकरणभन्दा करणको बढी प्रयोग गरिएको पाइने विज्ञापनमा जटिल वाक्यहरूको प्रयोग, अनौपचारिकभन्दा औपचारिक शैलीको प्रयोग बढी गरिएको उक्त शोधपत्रमा भाषिक कोड मिश्रणको प्रयोग विज्ञापनमा अत्यधिक मात्रमा भएको भनी निष्कर्ष निकालिएको छ ।

उमा अर्यालले (२०६७०)द्वारा **'नेपाली समाचारपत्र दैनिकको समाचार खण्डमा प्रयुक्त भाषाको अध्ययन'** (२०६७) नामक शीर्षकमा नेपाली भाषा शिक्षा विभागको मातहतमा रही शोधपत्र तयार पारिएको देखिन्छ । यसमा कामना प्रकाशनद्वारा प्रकाशित 'नेपाल समाचारपत्र' दैनिकको वि.स. २०६६ साल श्रावण १ देखि ३२ गतेसम्म प्रकाशित समाचारमध्ये मुखपृष्ठको समाचारलाई मात्र अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा भाषिक सङ्गठनलाई नै बढी जोड दिइएको हुँदा वाक्यभन्दा माथिल्लो तहमा गएर भाषालाई हेर्ने काम गरिएको छैन् । समाचार लेखनमा विभिन्न प्रकारका त्रुटिहरू हुने गर्दछन् त्यसमध्ये वर्ण विन्यासका क्षेत्रमा उकारमा भन्दा इकारमा बढी त्रुटि गरिएको छ । त्यस्तै चिन्ह प्रयोग, शिरविन्दु-चन्द्रविन्दु, पदयोग-पदवियोग, वचन र विभक्ति र क्रियापदको प्रयोगका सम्बन्धको समस्यामा अध्ययन गरी निष्कर्ष निकालिएकी छिन् ।

शान्ताकुमारी पन्त (२०६७) द्वारा **'सार्वजनिक स्थलहरूमा रहेका शिलालेखमा पाइने भाषाको अध्ययन'** नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधकार्यका लागि काठमाडौं जिल्लाका सार्वजनिक स्थलहरूमा भेटिएका २५ वटा शिलालेखलाई नमुना छनोटका रूपमा लिइएको छ । यसको अवधि वि.स. २०४० देखि २०६५ सम्मको रहेको छ । शिलालेखमा प्रयुक्त भाषाको भौतिक पक्षको अध्ययन गरिएको भौतिक तथा प्राविधिक आधारहरू शिलालेखको संरचना, विषयवस्तु र शैलीको अध्ययन गरिएको छ । संरचनामा शीर्षक, विषयवस्तु र मिति तीनवटै अङ्क भएका कम रहेका छन् । त्यस्तै विषयवस्तुमा सूचनाभन्दा आर्थिक सहयोग र निर्माण पक्षको बढी प्रयोग गरको छ । शैलीमा वर्णनात्मक शैलीको बाहुल्यता देखिएको छ । वाक्यविन्यासको आधारमा र वर्णविन्यासको आधारमा तथ्याङ्क व्याख्या विश्लेषण गर्दा वाक्यविन्यासका वाक्य, काल, पक्ष र वाच्यका आधारमा अध्ययन गर्दा जटिल वाक्य, भूत काल,

सामान्य पक्ष, कर्तृवाच्यको प्रयोग बढी गरिएको देखिन्छ । जसमा जटिल वाक्य धेरै रहनु वाक्यको अवस्थाबाट गल्ती देखिन्छ । वर्णविन्यासका आधारमा अध्ययन गर्दा ह्रस्व र दीर्घ, ब र व, पदयोग र पदवियोग र चिन्ह सम्वन्धि प्रयोगको अवस्थालाई अध्ययन गर्दा लगभग सबैको औसतमा १५ प्रतिशत त्रुटि देखिन्छ भनी निष्कर्ष निकालिकी छिन् ।

भोजराज धिताल (२०६८) द्वारा **'नेपाली दैनिक समाचारपत्रमा प्रयुक्त पारिभाषिक शब्दावलीको अध्ययन'** नामक शीर्षकमा अध्ययन गरिएको छ । यस क्रममा काठमाडौं उपत्यकाबाट दैनिक प्रकाशित हुने (२०६७/०९/२३ देखि २८ सम्म) राष्ट्रिय दैनिक समाचारपत्र (कान्तिपुर, गोरखापत्र, नागरिक, अन्नपूर्ण पोष्ट र समाचारपत्र) लाई प्राथमिक स्रोतका रूपमा लिई पारिभाषिक शब्दावलीहरू सङ्कलन गरिएको छ र तिनको अर्थ तथा परिभाषा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रमा प्रशस्त पारिभाषिक शब्दावलीको प्रयोग भएको पाइन्छ जसमध्ये तत्सम र आगन्तुक पारिभाषिक शब्दावलीहरू नै अत्याधिक छन् । पारिभाषिक र प्राविधिक शब्दावलीलाई समानार्थी शब्दका रूपमा प्रयोग गरिएको छ र ती प्रायः संज्ञानमूलक छन् । आयामका दृष्टिले कुनै पारिभाषिक शब्दावलीहरू छोटा र कुनै लामा देखिन्छन् । दैनिक समाचारपत्रमा प्रयुक्त स्वरवर्णबाट प्रारम्भ भएका ५९ व्यञ्जन वर्णबाट प्रारम्भ भएका २४१ गरी जम्मा ३०० पारिभाषिक शब्दको पारिभाषीकरण गरिएको छ । यस अध्ययनमा समेटिएका शब्दावली मध्ये क्रमशः 'प', 'स' र 'अ' वर्णबाट प्रारम्भ भएका शब्दावली अत्याधिक छ भनी निष्कर्ष निकालिएको पाइन्छ ।

बेनीबहादुर कार्की (२०६९) **'नेपाली साहित्यिक पत्रिका मधुपर्कको सम्पादकीयमा प्रयुक्त नेपाली भाषाको अध्ययन'** नामक शीर्षकमा शोधपत्र तयार पारिएको छ । नमुनाका रूपमा वि. सं. २०६८ सालको वैशाखदेखि माघसम्मको १० वटा अङ्कका सम्पादकीयलाई लिइएको छ । प्रस्तुत शोधपत्रको अध्ययन पश्चात्‌बाट के निष्कर्ष निकालिएको छ भने कुनै पनि व्यक्तिको विचार, भावना र सूचना अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउन सञ्चार माध्यमले मुख्य भूमिका निभाएको हुन्छ । विन्यासक्रम संरचनाका आधारमा अध्ययन गर्दा १ देखि ४ अनुच्छेदसम्म रहेको पाइन्छ । जसमध्ये सबैभन्दा धेरै १ अनुच्छेदका ६० प्रतिशत र सबैभन्दा कम ३ र ४ अनुत्छेद २० प्रतिशत रहेको पाइन्छ । विषयवस्तुका आधारमा अध्ययन गर्दा ६ वटा विषयवस्तुमध्ये

सबैभन्दा बढी जनचेतना जगाउने खालका ३० प्रतिशत सम्पादकीय रहेको पाइन्छ । शैलीका आधारमा सम्पादकीयमा ४ शैलीको प्रयोग गरिएको पाइन्छ भने शीर्षकका आधारमा ३ शब्दसम्मको प्रयोग देखिन्छ । धेरैजसो सम्पादकीयमा जटिल वाक्यको सङ्ख्या ७५.२० प्रतिशत रहेको पाइन्छ भनेु सरल वाक्यको सङ्ख्या २४.८० प्रतिशत प्रयोग गरिएको पाइन्छ । त्यस्तै कालको प्रयोगका सन्दर्भमा भूतकालको प्रयोग ७.४४ प्रतिशत र अभूत कालको प्रयोग ९२.५६ प्रतिशत रहेको पाइन्छ । कुल १२१ वाक्यहरूमध्ये ४८.७६ प्रतिशत वाक्यहरूमा सामान्य पक्ष, ४२.९८ प्रतिशत पूर्ण पक्ष र ८.२७ प्रतिशत अपूर्ण पक्षको प्रयोग गरिएको देखिन्छ । ध्रुवीयताका आधारमा करण क्रियाको प्रयोग, भावको प्रयोगका सन्दर्भमा सामान्यार्थ भावको प्रयोग बढी भएको पाइन्छ । उक्त सम्पादकीयमा पदसङ्गतियुक्त वाक्यहरू ७६.८६ प्रतिशत र पदसङ्गति विहिन वाक्यहरू २३.१४ प्रतिशत कुल शब्दहरूमध्ये ५७.९५ प्रतिशत व्युत्पन्न र ४२.०५ प्रतिशत शब्दहरू अव्युत्पन्न, ०.४४ प्रतिशत शब्दमा कोड मिश्रणको प्रयोग गरिएको देखिन्छ । मधुपर्क साहित्यिक पत्रिका भएकाले यसमा मिठास र प्रभावकारी थप्नका लागि साहित्यिक शब्दको प्रयोग गरिएकोले मधुपर्कको सम्पादकीयहरू उपयुक्त र सान्दर्भिक नै देखिन्छन् भनी प्रस्तुत शोधपत्रको अनुसन्धानबाट निष्कर्ष निकालिएको पाइन्छ ।

यसरी एक त समाचारपत्रको खण्डमा प्रयुक्त भाषाको अध्ययन एकदमै कम मात्रामा गरिएको छ, अझ जिल्लागत समाचारपत्रको प्रयुक्त नेपाली भाषाको अध्ययन अहिलेसम्म कोही कसैले पनि गरेको पाइएन । त्यसैको फलस्वरूप देखिएको समस्यालाई समाधानका लागि समेत यो अध्ययन तथा अनुसन्धानलाई उत्साहपूर्ण तवरले अगाडि बढाइएको छ ।

## २.२ भाषा

भाषा भाव वा विचारको संवाहक हो । सम्पूर्ण ज्ञान-विज्ञान र सूचना-सञ्चारका क्रियाकलापहरू भाषाबाटै समाजमा व्यवहृत हुन्छन् । मान्छेका हृदयमा सिर्जना हुने भावको अभिव्यक्ति, भावना, विचारको प्रकटन र सिर्जनात्मक प्रस्तुतीकरणको माध्यम नै भाषा हो । व्यक्ति, समुदाय वा समाजको सामाजिक सम्पर्कको शक्तिशाली संयन्त्रका रूपमा रहेको भाषा मानवका उपलब्धिहरूको मेरूदण्ड हो (लम्साल र अन्य, २०६३ : ०३) ।

सिकारूले सञ्चारका माध्यमबाट वा सूचना वा विज्ञापनका माध्यमबाट पनि भाषिक ज्ञान आर्जन गरिरहेको हुन्छ । विज्ञापन, पोस्टर आदिबाट सिक्ने गलत भाषिक प्रयोग भएका शब्द, वाक्यांश, वाक्यहरू उसको मानसपटलबाट हटाई उसलाई सुध्याउन निकै जटिल हुन जान्छ । युगल-जोडी/ठूल्दाइजस्ता शब्द प्रयोग अमानक भएकाले यिनलाई मानक होइनन् भन्ने बनाउन निकै कसरत गर्नुपर्दछ (लम्साल र अन्य, २०६३ : ०४) ।

भााषालाई सञ्चारको एक सशक्त माध्यम मानिन्छ । भाषा सम्प्रेषणको एकउत्कृष्ट माध्यम भएकाले यसमा सञ्चारको व्यवस्था भएको हुन्छ । आफ्नो सहज ज्ञानका माध्यमले मानिस सञ्चार गर्छ, सूचना आदान प्रदान गर्छ र ज्ञान बटुल्छ । भाषिक स्वरूपको प्रयोगले दोहोरो क्रिया प्रतिक्रिया गरी एक आपसमा विचारहरू साटासाटा गर्न सक्ने क्षमता मानव शिवाय अरू कुनै प्राणीमा पाइँदैन । एका दुई पक्षी तथा जनावरमा वाक्क्षमता पाइए तापनि प्रभावकारी, सृजनात्मक र सम्प्रेषणात्मक क्षमता मानिसमा नै पाइन्छ । भाषाका माध्यमले नै मानिस आफ्ना सूचनाहरूलाई प्रचार गरी 'एक कान दुई कान मैदान' बनाउँछ । मान्छे आफ्ना मस्तिष्कमा उब्जेका कुरालाई अरू समक्ष पुऱ्याउन चाहन्छ र आफूले पनि लिन चाहन्छ (ढकाल, २०६३ : ०१) ।

भाषाको अभावमा सञ्चार पनि अवरूद्ध हुन्छ । प्रथमतः भाषा कथ्य रूपमा व्यवहृत हुन्छ तर विचारको सञ्चित र वक्ता स्रोताबीचको दूरत्त्वलाई समेत सम्प्रेषणीय बनाउन लेख्य परम्परा पनि उत्तिकै महत्त्वपूर्ण हुन आउँछ । भाषालाई व्यवस्थाको पनि व्यवस्था भनिन्छ । भाषाको आफ्नै व्यवस्था हुन्छ । कुनै भाषाका वक्ताहरू धेरै हुन्छन् । कसैले त्यो भाषालाई मातृभाषाको रूपमा प्राप्त गरेका हुन्छन् भने कसैले दोस्रो भाषाका रूपमा ग्रहण गरेका हुन्छन् । भाषा पैतृक सम्पत्ति नभइ आर्जित सम्पत्ति हो । वक्ताले जस्तो भाषिक वातावरण प्राप्त गर्दछ त्यसको आधारमा उसको बोलीको विकास भएको पाइन्छ । परिणामत : भाषिक रूपहरू सिर्जना हुन गई भाषिक व्यवस्थामा समेत विविधताको सिर्जना हुन पुगेको देखिन्छ ।

## २.३ सञ्चार

एक व्यक्तिबाट अर्को व्यक्तिसम्म सङ्केत, बोली, लिपी वा अन्य कुनै प्रकारले विचार, धारणा एवम् जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । सञ्चार प्रक्रियामा दुई पक्षहरूको बीचमा खबर आदान–प्रदान हुन्छ । सञ्चार त्यसबेला मात्र सफल भएको मानिन्छ, जब प्रेषकले जस्तो किसिमको अर्थ लगाएर सन्देश पठाएको छ प्रापकले पनि त्यस्तै अर्थ लगाएर बुझ्न सकोस् (अधिकारी, २०५६ : १) । भाषाबाट विभिन्न किसिमका सूचनाहरू प्रसारित भएका हुन्छन् । ती सूचनाहरूलाई कुनै छापा माध्यम त कुनै विद्युतीय माध्यमहरूले प्रसार गरेका हुन्छन् । यस्तो प्रसार तथा सञ्चारबाट भाषाको विकास तथा विस्तार चाँडै हुन्छ र सञ्चार व्यवस्था पनि चिरस्थायी बन्दछ । सञ्चार व्यवस्था पनि सामाजिकीकरण तथा अन्तरक्रियाको एक भाषिक प्रस्तुति बन्दछ र भाषाका विभिन्न रूप तथा शैलीहरू जन्मन्छन् । सञ्चार शब्द अङ्ग्रेजी Communication शब्दको नेपाली रूपान्तरण हो । यो communication शब्द ल्याटिन शब्द communis वा communicare बाट आएको हो जसको अर्थ साझा वा समुदायको आवश्यक अन्तरक्रिया भन्ने बुझिन्छ । सन्देशित गर्ने तथा आपसी समझदारी कायम गर्ने उद्देश्य रहेकाले सञ्चार एउटा विचार साटासाटको प्रक्रियाका रूपमा अर्थिन्छ । त्यसैले सञ्चार सूचनाका माध्यमबाट गरिने एउटा सामाजिक अन्तरक्रिया हो (भण्डारी, २००८ :०१) ।

सञ्चार प्रक्रियामा सबैभन्दा मुख्य तत्त्व सन्देश वाहक वा स्रोत हो । उसले नै कुन सन्देश, कसरी र कसका लागि पठाउने भन्ने निर्धारण गर्दछ । सञ्चारकले नै सञ्चार प्रक्रियालाई निर्धारण गर्दछ । त्यसैले सक्षम र सञ्चार प्रक्रियालाई प्रभावकारी बनाउन सक्ने स्रोत वा सञ्चारक भएमा सन्देश राम्ररी प्रवाहित हुन सक्दछ ।

सञ्चार लिखित, मौखिक, श्रव्य दृश्य, साङ्केतिक आदि विभिन्न किसिमको हुन्छ । यसमा २ पक्ष सहभागी भएका हुन्छन्, प्रेषक र प्रापक । प्रेषक र प्रापकबीच अन्तरक्रिया हुनुपर्दछ र मात्रै सूचनाको सञ्चार हुन सक्तछ । सन्देश वा सूचना बुझ्नका लागि प्रेषक र प्रापकले प्रयोग गर्ने कोडमा समानता हुनु जरूरी छ । अर्थपूर्ण र बुझिने सन्देश भएमा सञ्चार प्रक्रिया सम्पन्न हुन्छ (खनाल, २००८ : ०१) ।

समग्रमा एक व्यक्तिबाट अर्को व्यक्ति वा समूहसम्म बोली, सङ्केत, लिपि, अङ्क, इसारा वा अन्य कुनै तरिकाले विचार, धारणा, अभिप्राय एवम् जानकारीको आदान-प्रदान गरिने प्रक्रियालाई सञ्चार भनिन्छ ।

## २.४ आमसञ्चार

'आम' र 'सञ्चार' शब्दहरूको संयोजनबाट आमसञ्चार शब्दको निर्माण भएको छ । आमको अर्थ व्यापक र सञ्चारको अर्थ 'कुनै सन्देश पठाउने काम' हो । यसरी आमसञ्चार भन्नाले 'व्यापक रूपमा सन्देश पठाउने काम' बुझिन्छ । आमसञ्चारलाई नेपालीमा 'जनसञ्चार' पनि भन्ने गरिएको छ । अङ्ग्रेजी भाषामा आमसञ्चारलाई Mass Communication भनिन्छ । यो शब्दावली अङ्ग्रेजी भाषाका दुई शब्दहरू 'मास' र 'कम्युनिकेसन' को संयोजनबाट बनेको हो । मास भनेको विशाल जनसमुदाय र कम्युनिकेसन भनेको सञ्चार हो, अर्थात् मास कम्युनिकेसन भनेको विशाल जनसमुदायलाई लक्षित सञ्चार हो (आचार्य र लुइँटेल, २०६५ : १२) ।

असीमित जनसमुदायका लागि कुनै माध्यमको सहायताले कुनै पनि विषयवस्तुलाई सन्देशको रूपमा प्रकाशन वा प्रसारण गर्ने प्रक्रियालाई आमसञ्चार वा जनसञ्चार भनिन्छ । अर्को शब्दमा भन्नुपर्दा कुनै एक व्यक्ति वा केही व्यक्तिहरूको समूहद्वारा कुनै प्रविधि वा माध्यमको सहयोगमा ठूलो असीमित जनसमुदायलाई लक्षित गरेर गरिने सञ्चार नै आम सञ्चार हो (अधिकारी, २०६१ ०८) ।


सञ्चारका विभिन्न माध्यमबाट व्यापक रूपमा सन्देशको प्रचार-प्रचार गर्ने प्रक्रियालाई आमसञ्चार भनिन्छ । जनसञ्चारको एउटा माध्यम नै आमसञ्चार हो । जसमा जनताका सूचनाहरूलाई ठूलो सङ्ख्याको समूह, दर्शक तथा श्रोतामाझ सञ्चार गरिन्छ (भण्डारी, २००८ : ०४) । आमसञ्चारलाई जनसञ्चार नै पनि भन्ने गरिएको पाइन्छ । पत्रपत्रिका, रेडियो, किताब, टेलिभिजन, कम्प्युटर, मोबाइल, स्याटलाइट, इन्टरनेट आदिलाई आमसञ्चारका माध्यमहरू भनिन्छ । डेनिस म्याकवालले भनेका छन् :"आमसञ्चारमा सङ्गठन र प्रविधि समावेश हुन्छ, जसमा पत्र-पत्रिका, रेडियो, टेलिभिजन र चलचित्र जस्ता प्रविधिको

प्रयोगद्वारा ठूलो समूहमा छरिएर रहेका भिन्न श्रोता, पाठक र दर्शकमा सन्देश प्रक्षेपण गरिन्छ (उद्धृत, खनाल, २००८ : २३) ।"

आमसञ्चार विभिन्न माध्यमको सहयोगमा हुने गर्दछ । असङ्ख्य मानिससम्म सूचनाको सम्प्रेषण गर्नका लागि ती माध्यमहरूको प्रयोग गरिन्छ । वास्तवमा आमसञ्चारका माध्यमहरू त्यस्ता साधन हुन् जसले आम जनतामा द्रुत गतिमा सन्देश सम्प्रेषण गर्ने क्षमता राखेका हुन्छन् ।

आमसञ्चारको विकासले सञ्चार माध्यमहरूमा विविधता ल्याएको छ । आमसञ्चारका माध्यमहरूको प्रभावकारिता दिन दुई गुना रात चौगुना बढ्दै गइरहेको छ । पत्रपत्रिका, पुस्तक, रेडियो, टि.भी., चलचित्र हेर्ने, नसुन्ने मान्छेको कल्पनासम्म गर्न नसकिने अवस्थामा आमसञ्चारको विकास पुगेको छ । हाल आएर इमेल वा इन्टरनेटको प्रयोगले विश्व एउटा सानो कोठामा थन्किएको आवास गराएको छ । विश्वको जुनसुकै कुनामा घटेका घटनाहरू तुरून्तै सञ्चारको माध्यमबाट हाम्रो कम्प्युटर स्क्रिनमा हेर्न र पढ्न सकिने अवस्था आज हामी सामू विद्यमान रहेको छ ।

आमसञ्चारका विभिन्न माध्यमहरूलाई निम्नलिखित रूपमा देखाउन सकिन्छ :




(स्रोत : खनाल, २००८ : ३६)

## २.५ समाचारपत्र

आमसञ्चारका विभिन्न माध्यमहरूमध्ये स्थानीय स्तरका सन्दर्भदेखि लिएर राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका सन्दर्भलाई उठाउन सक्ने सर्वसुलभ माध्यम 'समाचारपत्र' लाई समाजको सशक्त चेतनामूलक साधन मानिन्छ । जसलाई प्रायः शिक्षित व्यक्तिले मात्र प्रयोग गर्छन् । 'समाचारपत्र' शब्दले छापा माध्यमको एक सशक्त औजारलाई जनाउँदछ, जो नियमित रूपमा दैनिक, साप्ताहिक तथा मासिक रूपमा समाचारहरू, विभिन्न विचारहरू दृष्टिकोणहरू, सम्पादकीय, लेख रचनाहरू, विज्ञापनहरू, फोटो क्याप्सनहरू तथा कार्टुन आदि स्तभहरू लिएर जनतालाई सु-सूचित गर्नका लागि प्रकाशित हुने गर्दछ ।

नेपालका सन्दर्भमा आमसञ्चारको सुरूवात परम्परागत सञ्चार प्रक्रिया जस्तै; लोकगीत ( गन्धर्व), कटुवाल आदिबाट भएको थियो । आधुनिक आमसञ्चार भने राणाकालमा जङ्गबहादुरले सन् १८५१ मा प्रेस ल्याएपछि नेपालमा देखापर्‍यो । त्यस पछाडि नै समाचारपत्रको विकास हुन थालेको पाइन्छ । समाचारपत्रमा विभिन्न साङ्गठनिक पक्षहरू रहेका हुन्छन् जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**समाचारपत्रको सङ्गठन**

| सम्पादकीय विभाग (पक्ष) | व्यापार विभाग (पक्ष) | प्राविधिक (विभाग) पक्ष |
|---|---|---|
| –समाचार | – विज्ञापन (स्थानीय, राष्ट्रिय र वर्गीकृत) | – कम्पोजिङ्ग |
| –फिचर | –सञ्चालन | –इनग्रेभिङ्ग |
| –टिप्पणी | | –स्टेरोटाइपिङ्ग |
| –स्तम्भ –प्रेस | | –प्रेस |
| –सम्पादकीय | | |
| –कार्टुन | | |

(स्रोत : D.S.MEHTA, 1979: 198,Indian)

समाचारपत्रमा समाचार, फिचर, कार्टुन, फोटो, विज्ञापनहरू आदिको संयोजन गरेर उपयुक्त आकारका अक्षर, अक्षरहरूका बीच खाली ठाउँ, शीर्षक, स्तम्भ आदि मिलाउन पर्दछ । समाचारपत्रलाई हेर्न लायक बनाउन, आकर्षक, पढ्न सजिलो र मनोरञ्जन प्रदान गर्न आदिका लागि साजसज्जाको आवश्यकता पर्दछ । जसका निम्ति पहिले पेज, मास्ट हेड, शीर्षक, अक्षरको आकार, शैली पुस्तिका आदिमा विशेष ध्यान दिनुपर्दछ । जसका निम्ति डमी तयार गर्ने कुरा, फोटोको प्रयोग, कार्टुनको प्रयोग, समाचारपत्रको आकार, वर्णन आदिको ख्याल गर्नुपर्ने हुन्छ । यसरी अखबार वा समाचारपत्रमा प्रयोग गरिने स्तम्भ वा सामग्रीलाई उचित तथा सन्तुलित ढङ्गले व्यवस्थापन गरेमा आमसञ्चारमा व्यवस्थितता पाउन सकिन्छ ।

## २.६ नेपालमा आमसञ्चार

आजको युग विज्ञान र सञ्चारको युग हो त्यसैले विज्ञानको क्षेत्रमा भएको विकासले आम सञ्चारको क्षेत्रमा पनि परिवर्तन ल्याई यसको क्षेत्रलाई व्यापक बनायो । जसको परिणाम स्वरूप नेपाली छापा पत्रकारिताको इतिहासले पनि एक शताब्दीको लामो फड्को मारिसकेको छ । त्यस्तै नेपाली विद्युतीय सञ्चार माध्यमले समेत ६० वर्षे वसन्त पार गरिसकेको छ । नेपाली आमसञ्चारको प्राचीन स्वरूप नारा लगाएर, ढोलक बजाएर, कर्नाल फुकेर, शंखनाद गरेर समाजको ध्यानाकर्षण गरी नयाँ नयाँ खवर तथा सूचना दिने माध्यमको रूपमा थियो । तर आज आएर यो एक क्षणमै सूचना दिन सक्ने विकसित माध्यमका रूपमा स्थापित भइसकेको छ (कोइराला, २०५८ : ५५) ।

सामान्यतया: नेपालमा प्रजातन्त्रको स्थापना भन्दा अगाडिको समय बाह्य सञ्चार सम्वन्धभन्दा अलग थियो । आन्तरिक सञ्चार सञ्चालनमा हुलाक व्यवस्था अपनाइएको थियो । त्यसताका नेपालको सम्वन्ध भारत र ब्रिटिस सरकारसँग मात्र थियो । नेपाली पत्रपत्रिकाको इतिहासमा “गोरखापत्र” लाई जेठो पत्रिकाको रूपमा मानिएको छ । यद्यपि “गोरखापत्र” प्रकाशित हुनुभन्दा अघि नै १९४८ सालतिर बनारसबाट युवक कवि मोतीराम भट्टको सक्रियतामा “गोरखा भारत जीवन” प्रकाशित भएको थियो भने १९५५ साल साउनदेखि राजधानी काठमाडौंबाट मोती मण्डलीको सक्रियतामा “सुधासागर” मासिक पत्रिका प्रकाशित भएको देखिन्छ । “सुधासागर”

प्रकाशनमा आएको झण्डै दुई वर्ष १० महिनापछि विक्रम सम्वत् १९५८ सालमा "गोरखापत्र" प्रकाशनमा आएको पाइन्छ (रेग्मी, २०५८ : ३२) । गोरखापत्रको प्रकाशन पश्चात अन्य पत्रपत्रिकाहरूको प्रकाशनले नेपाली आमसञ्चार प्रक्रिया अगाडि बढेको पाइन्छ । वि.सं. १९५९ मा उपन्यास तरङ्गिनी, १९६५ मा सुन्दरी, माधवी, १९७१ मा चन्द्र, २००६ मा हाम्रो कथा आदि जस्ता पत्रपत्रिका तथा पुस्तकहरूको प्रकाशनले आमसञ्चारको विकास अगाडि बढेको पाइन्छ ।

वि. सं. २००७ सालमा प्रजातन्त्र आए पश्चात यसले मानिसमा ठूलो चेतना ल्यायो । धेरै पत्रपत्रिकाहरू नेपालबाटै प्रकाशित हुन थाले । वि.सं. २००७ साल चैत्र २० गते रेडियो नेपालको स्थापना भयो । त्यसपछि राजनैतिक विचारधाराका पत्रपत्रिकाहरू देखापरे । २०१७ साल फागुन ७ गतेदेखि गोरखापत्र दैनिक पत्रिकाको रूपमा प्रकाशन हुन थाल्यो (आचार्य, २०६५ : ०९) ।

वि.सं. २०४७ साल पछाडि प्रेमसँग सम्वन्धित विभिन्न नियम र कानुन बनिएँ । २०४७ को संविधानले सूचना र विचारको हकको ग्यारेन्टी गऱ्यो । फलस्वरूप विभिन्न प्रविधिहरूको विकास भयो । आमसञ्चारको दक्षताको अभिवृद्धिसँगै यसले व्यवसायको रूप लियो । त्यस पश्चात आमसञ्चारका क्षेत्रमा निजी लगानी कर्ताहरू बढ्दै गए निजी क्षेत्रका कान्तिपुर, राजधानी, अन्नपूर्ण पोष्ट, नागरिक दैनिक जस्ता राष्ट्रिय पत्रपत्रिकाहरू प्रकाशन हुन थाले ।

नेपाल टेलिभिजनसँगै निजी क्षेत्रका कान्तिपुर, सगरमाथा, इमेज, एभिन्यूज आदि जस्ता टेलिभिजन च्यानलहरूको समेत विकास भयो । आमसञ्चार तथा पत्रकारिता विषयको पढाइ विभिन्न कलेजहरूमा हुन थाल्यो । जसले गर्दा आज नेपालमा आमसञ्चारको विकास यहाँ सम्म आएको छ कि प्रत्येक जिल्लामा एकदेखि सात आठ वटा सम्म एफएम. स्टेसन, राजधानीमै सञ्चालनमा आएका र सम्वन्धन लिएका गरी करिव ७५ वटा एफ.एम. स्टेशन, एक दर्जनको हाराहारीमा टेलिभिजन च्यानलहरूले रात दिन सूचना सञ्चार गरिरहेको देखिन्छ । त्यसैले नेपालमा आमसञ्चारले दिन दुई गुना र रात चौंगुनाका रूपमा अगाडि बढिरहेको देखिन्छ ।

## २.७ समाचार लेखन

समाचार लेखन पत्रकारिताका लागि ज्यादै महत्वपूर्ण कुरा हो । एक जना शिक्षक विद्वान हुन सक्छ, ऊसँग धेरै कुराहरू हुन सक्दछन् तर विद्यार्थीलाई बुझाएर पढाउन सक्दैन भने त्यसको अर्थ रहदैन । प्रस्तुति कला शिक्षक वा प्रध्यापकका लागि अनिवार्य शर्त हो । समाचार लेखन पनि एउटा कला हो यो कलाको प्रयोगबाट पाठकलाई प्रर्याप्त सन्तुष्टि दिन सकिन्छ तर त्यसको प्रभावकारी लेखन भएन भने त्यसबाट कुनै अर्थ रहदैन ।

समाचार लेखनमा सरलतालाई विशेष ख्याल गर्नुपर्दछ । पत्रिकाका पाठकहरु ज्यादै साधारण पनि हुन्छन् । सामान्य साक्षर व्यक्तिले पनि पत्रिका पढने भएकाले उनीहरुले समेत बुझ्न आवश्यक छ । फेरी समाचार पढ्नु भनेको शब्दकोष पल्टाउनु होइन । साक्षर व्यक्तिले समाचार बुझ्न सकेन भने त्यो लेखाइ ठिक छैन भन्ने कुरा बुझ्नुपर्छ । समाचारको वाक्य बुझ्नका लागि दुईपटक पढ्नु पर्‍यो भने त्यति बेला सम्झनुपर्छ कि यो लेखाइ असफल हुन्छ । जसरी लेख्दा सामान्यभन्दा सामान्य पाठकले बुझ्दछन् त्यसरी नै समाचार लेख्न आवश्यक छ । कसैको भाषण वा प्रेस विज्ञप्तिलाई समाचार बनाउँदा पनि त्यसको भाव बुझेर सरल बनाउने प्रयत्न गर्नुपर्दछ । समाचार कसरी लेख्ने भन्ने कुनै निश्चित गणितीय सूत्र पक्कै छैन । समाचार लेख्दा निम्न तथ्यहरु महत्वपूर्ण मानिन्छन् :

- आलेख आर्कषक, संक्षिप्त, कसिलो र स्पष्ट हुनुपर्दछ,
- समाचारको प्रस्तुति महत्वपूर्ण प्रसङ्गबाट कम महत्वपूर्ण तिर गएको हुनुपर्छ,
- अनावश्यक वाक्यशंबाट वाक्य सुरु गर्नु हुदैन,
- गम्भिर र नयाँ तथ्यका लागि श्रोत उल्लेख गर्नुपर्छ,
- समाचारमा सम्वादाताले आफ्नो विचार दिनु हुदैन,
- शब्दको उचित चयनका साथै प्राविधिक असामान्य शब्दलाई व्याख्या गर्नुपर्छ,
- वाक्य संरचनामा विविधताको खोजी गरिनुपर्छ,
- व्यक्तिको नाम लेख्दा पूरा नाम र परिचय दिनुपर्छ,
- गलत अर्थ लाग्ने वाक्यको प्रयोग गर्नुहुदैन र समाचारलाई तथ्यपूर्ण बनाउनुपर्छ,

- पाठकको रुचिका आधारमा समाचारको लम्वाई निर्धारण गरिनुपर्छ
- व्याकरण र भाषागत प्रस्तुतीमा विशेष ध्यान दिनुको साथै सम्बन्धित समाचार संस्थाको शैली पुस्तिकाको प्रयोग गर्नुपर्छ (काफ्ले, २०६२ : ५८) ।

समाचार लेखनका सम्बन्धमा रर्बट गनिङले दश सिद्धान्तहरु उल्लेख गरेका छन् ती निम्नअनुसार प्रस्तुत गरिएको छ :

- वाक्य छोटो हुनुपर्छ,
- सरल वाक्यमा जोड,
- चलन चल्तिका शब्दको प्रयोग,
- अनावश्यक शब्दहरु प्रयोग नगर्ने,
- वाक्य कार्यमुखी हुनुपर्छ,
- लेखन जहिले पनि संवाद शैलीमा हुनुपर्दछ,
- पाठकको अनुभवसँग मिल्ने ढङ्गमा प्रस्तुति तयार पार्ने,
- विविधताको पूर्ण प्रयोग,
- अभिव्यक्ति दिन लेख्ने प्रभाव पार्न होइन ।

माथिका गनिङका दश सिद्धान्तलाई आधार मान्दा समाचारपत्र दैनिकमा कतै कतै अस्पष्ट भाषा अर्थात् साधारण पाठकले नबुझिने खालका शब्दको प्रयोग पाइएको छ । यहाँ गनिङका जस्तै एड.वर्ड. मुरेले समाचार लेखनमा आठ वटा सामान्य सिद्धान्तलाई आधार मानिने कुरा जनाएका छन् जुन निम्म छन् :

- तथ्य,
- सुत्रोल्लेख,
- दोहोरो परीक्षण,
- निष्पक्षता,
- तथ्य अन्वेषण,
- विवादास्पद सामग्रीमा प्रत्यक्ष कथनको समाविष्टि,

- o जिम्मेवारीपूर्ण र सन्तुलित समाचार प्रस्तुती,
- o स्वार्थपूर्ण संघर्षप्रति सचेतता ।

माथिका दुई जना विद्वान्का जस्तै मेन्चरले समाचार लेखनलाई प्रभावकारी बनाउन निम्न कुरामा ध्यान दिनुपर्दछ भन्ने कुरामा जोड दिएका छन् ।

- ❖ आफूले समाचार मार्फत भन्नुपर्ने के हो भन्नेमा स्पष्ट भएपछि मात्र लेखन कार्य सुरु गर्नुपर्दछ ।
- ❖ आफूले कुरा गर्ने शैलीमा लेख्नुपर्ने ।
- ❖ वाक्य छोटा छोटा हुनुपर्ने ।
- ❖ उपयुक्त उद्धरणहरु प्रयोग गर्नुपर्ने ।
- ❖ आफूले मेसो पाइरहेका प्रचलित शब्दहरु नै प्रयोग गर्नुपर्ने ।
- ❖ समाचार सामग्रीलाई परिष्कार गर्न सकिने छ भने त्यसो गर्न अल्छी मान्ने वा हिच्किचाहट मान्नुहुदैन ।
- ❖ तथ्यहरुलाई आफै बोल्न दिनुपर्छ । आफ्नो विचार मात्र थोपर्नु हुदैन ।

उपर्युक्त माथिका विभिन्न विद्वानका सिद्धान्तलाई आधार मान्दा सुन्नेसँग सम्पर्क गरी आवश्यक सूचना सङ्कलनपछि पालो आउछ समाचार लेखनको । समाचार सङ्कलन बगैचाबाट विभिन्न प्रकारका फूलहरु टिप्नु जस्तै हो भने समाचार लेखन ती फूलहरुलाई सुन्दर ढङ्गले उनेर राम्रो माला तयार गर्नु जस्तै हो । पत्रपत्रिकाको लागि समाचार लेखन भन्नाले कपि तयार गर्ने बुझिन्छ भने विद्युतीय सञ्चार माध्यमका लागि स्किप्ट तयार पार्ने पनि जनाउछ (काफ्ले, २०६२ : ५८) ।

## २.८ समाचारपत्रको स्वरूप

पत्रकारले सङ्कलन, खोज आदि गरेको कुरालाई सम्पादन गरी कागजमा छापिन्छ । साहित्यिक रुप कम र समाचारमूलक प्रस्तुती बढी छापिने पत्रलाई नै छोटकरीमा समाचारपत्र भनिन्छ । मूलत : समाचारपत्रमा विभिन्न समयमा विभिन्न स्थानमा घटेका घटना र खोज, विश्वभर प्रकाशित नयाँ नयाँ कुराहरु साथै राजनीतिक आर्थिक सामाजिक आदि विश्लेषण तथा सूचना विज्ञापन आदि प्रकाशित गरिएका वा छापिएका हुन्छन् । नेपाल समाचारपत्र दैनिकका बारेमा

चर्चा गर्नुपर्दा यसको स्वरुपमा प्राय अन्य पत्रिकाको भन्दा केही फरकपन पाइन्छ । मुख्य-मुख्य कुरामा एक रुपता पाइएपनि केही केही कुरामा मत भिन्नता देखिन्छ । सगुन सौगात मिडिया प्रा.लि.द्वारा प्रकाशित 'सिन्धुली सौगात' को मुखपृष्ठमा देशमा घटेका मुख्य समाचार, विभिन्न सूचना तथा विज्ञापन पनि छापिएको पाइन्छ भने दोस्रो पृष्ठमा सम्पादकीय, आर्थिक समाचार, राजनीतिक समाचार, सूचना र विज्ञापन नै भएको पाइन्छ त्यस्तै तेस्रो पृष्ठमा फिल्मी समाचार, अन्तर्राष्ट्रिय समाचार र विज्ञापन र चौथो पृष्ठमा खेल समाचार, विज्ञापन र राजनीतिक समाचार दिइएको पाइन्छ । त्यस्तै सिन्धुली गढी मिडिया प्रा. लि.द्वारा प्रकाशित 'प्रभात समाचार' को मुखपृष्ठमा देशका मुख्य मुख्य समाचार विभिन्न सूचना दिइएको पाइन्छ । दोस्रो पृष्ठमा कुनै कुनैमा सम्पादकीय लेखिएको, कुनै अङ्कमा सम्पादकीय नलेखिएको पनि पाइन्छ । तेस्रो पृष्ठमा विभिन्न सूचना, विज्ञापन, समाचार र प्रथम पृष्ठको बाँकी समाचार दिएको पाइन्छ र चौथो पृष्ठमा पनि सूचना, विज्ञापन र राजनीतिक समाचार बढी लेखिएको पाइन्छ । जनबोली प्रकाशन प्रा.लि.द्वारा प्रकाशित 'जनबोली सन्देश' को मुखपृष्ठमा देशको प्रमुख समाचार, सूचना लेखिएको पाइन्छ । दोस्रो पृष्ठमा समय सन्दर्भ, खुल्ला विचार, विज्ञापन र सूचना नै बढी देखिन्छ । तेस्रो पृष्ठमा भने अन्तर्राष्ट्रिय समाचार, विज्ञापन, सूचना र प्रथम पृष्ठका बाँकी अंशहरु छापिएको पाइन्छ । चौथो पृष्ठमा मनोरञ्जन, के भनौ खै, समाचार, विज्ञापन, सूचना पनि छापिएको पाइएको छ । यसरी प्रस्तुत तीन वटा पत्रिकाको दश अङ्कमा उल्लेखित अनुसारको स्वरुप नै समाचारपत्रको स्वरुप हो ।

## २.९ नेपाली वर्णविन्यासको परिचय

लिखित रूपमा लेख्यचिन्हहरूको रखाइक्रम नै वर्णविन्यास हो । यसलाई हिज्जे पनि भनिन्छ (अधिकारी, २०६३:१९) । वर्णविन्यास भनेको वर्णहरूको ठीक रखाइ हो । ठीक ढङ्गले वर्णविन्यासको प्रयोग नगरिएमा अर्थको अनर्थ हुने हुँदा लेखाइमा वर्णविन्यास मिलाउनु आवश्यक हुन्छ । लेखनमा एकरूपता ल्याउन र भाषालाई व्यवस्थित गर्न वर्णविन्यासले महत्वपूर्ण भूमिका खेल्छ । उपयुक्त वर्णविन्यासबाटै भाषा शुद्ध र स्तरीय बन्छ । ह्रस्व, दीर्घ, ब, व, श, ष, स आदिको व्यवस्थित विन्यास नै नेपाली वर्णविन्यास हो ।

नेपाली भाषाको वर्णविन्यास नियम र प्रचलन बुझ्न नेपालीमा प्रयोग हुने शब्दभण्डारमा रहेका विभिन्न शब्दहरूको स्रोतबारे जानकारी राख्नु आवश्यक हुन्छ । स्रोतका दृष्टिले नेपालीका शब्दहरूलाई तत्सम, तद्भव र आगन्तुक गरी तीन वर्गमा राखिन्छ ।

**तत्सम** : संस्कृत भाषाबाट आफ्नो मूल स्वरूपमा परिवर्तन नभई जस्ताको तस्तै नेपालीमा प्रचलित शब्दहरूलाई तत्सम (तत् समान) भनिन्छ । जस्तै; विश्व, कला, शान्ति, शिल्प, मार्ग, विद्वान्, वाणी, दण्ड, सञ्चय, मञ्च, ऋण, कृषि, वृष्टि, कीर्ति सूर्य, तपस्वी, धर्म, दर्शन, भाषा, आदेश, घोषणा, स्वास्थ्य आदि ।

**तद्भव** : संस्कृत भाषाको स्रोतसँग सम्बन्धित भए पनि आफ्नो पहिलेको स्वरूपबाट परिवर्तित भएर नेपालीमा प्रचलित शब्दहरूलाई तदेभव (त्यसबाट बनेको) भनिन्छ । जस्तै; कर्म > काम, अद्य> आज, मध्य> माझ, गोष्ठ >गोठ, काष्ठ> काठ, पत्र >पात, भक्त >भात, देहली >दैलो, मिष्ठ> मीठो, तिक्त> तितो, दुर्बल >दुब्लो आदि ।

**आगन्तुक** : संस्कृतबाहेक अन्य विभिन्न भाषाहरूबाट नेपालीमा आएका शब्दहरूलाई आगन्तुक भनिन्छ । जस्तै; किताब, अदालत, पुर्जी, कानुन, बहस, सिफारिस, झ्याल, पसल, क्वाँटी, बक्खु, थुक्पा, दोचा, च्याङ्वा, सच्चा, कच्चा, गम्छा, गाछी, पैनी, स्कुल, क्याम्पस, कोट, सर्ट, पेन्ट, कमान्डर, इन्जिन, मास्टर, पेन्सिल, रेडियो, ड्राइभर आदि ।

संस्कृत भाषाबाट नेपालीमा आएका तत्सम शब्दहरूको वर्णविन्यासमा एक किसिमको नियम प्रचलित छ भने संस्कृतबाट प्राकृत एवम् अपभ्रंश भाषा हुँदै विभिन्न चरणमा परिवर्तन भएर नेपालीमा आएका तद्भव शब्दहरूका लागि अर्कै किसिमको नियम प्रचलित छ । आगन्तुक शब्दहरूमा भने तद्भवसँग सम्बन्धित नियमहरूको नै अनुसरण गरिन्छ । यसरी नेपाली भाषाको लेखाइमा मुख्यतः दुई किसिमका वर्णविन्यास नियमहरूको उपयोग भएको देखिन्छ :

(क) नेपालीमूलक नियम

(ख) तत्सममूलक नियम

तत्सममूलक नियम संस्कृत शब्दहरूमा लगाइन्छन् भने नेपालीमूलक नियम तद्भव र आगन्तुक शब्दहरूमा लगाइन्छन् । यहाँ स्तरीय नेपाली भाषाको उच्चारण विन्यासलाई पछ्याउन खोज्ने नियमहरूलाई नेपालीमूलक र संस्कृत भाषालाई पछ्याउन खोज्ने नियमहरूलाई तत्सममूलक नियम भनिएको छ । तद्भव र आगन्तुक शब्दहरूमा शब्दान्तमा दीर्घ हुने नियमबाहेक यिनका अन्य नियमहरू प्रायः नेपाली भाषाको स्तरीय उच्चारणसँग मिल्दोजुल्दा हुन्छन् । त्यसैले पनि यिनलाई नेपालीमूलक भनिएको हो । तत्सम शब्दहरूको वर्णविन्यासमा भने स्तरीय नेपालीको उच्चारणभन्दा कतिपय स्थितिमा निकै भिन्नता पाइन्छ (अधिकारी, २०६३ : २०) ।

## २.१० तद्भव र आगन्तुक शब्दमा ह्रस्व लेखिने नियम

सामान्यत : सबै तद्भव र आगन्तुक शब्दको अगाडि र माझको इकार र उकार ह्रस्व लेखिन्छ तापनि केही विशेष नियमहरू यहाँ प्रस्तुत गरिएका छन् ।

### २.१०.१ शब्दादि र शब्दमध्यमा ह्रस्व

(क) **तद्भव शब्द : नाम, सर्वनाम, क्रिया (धातु), विशेषण** शब्दादि (शब्दको अगाडि) र शब्दमध्ये (शब्दको माझ) मा ह्रस्व लेखिन्छन् :

(ग) **तद्भव र आगन्तुक शब्दका** आधारतत्वमा नेपाली प्रत्यय लाग्दा प्रत्ययहरूको प्रकृतिअनुसार नै सबै व्युत्पन्न शब्दका शब्दको बीचमा आउने इकार -उकार ह्रस्व हुन्छन् :

(घ) **क्रियापदको बीचमा** पर्ने स्त्रीलिङ्गी र पुलिङ्गी इकार पनि ह्रस्व लेखिन्छ :

**स्त्रीलिङ्गी अकरण :** खाइन, गइन, सुतिन, पढ्दिन, हेर्दिन, खाइनन्, बसिनन्, हेरिनन्, सुन्दिनौ

**स्त्रीलिङ्गी करण :** पढिछ, खाइन्छ, सुनिछौ, पढिछस्, पढिछन्, खालिस्, बस्लिन्, पढिन

**पुलिङ्गी /स्त्रीलिङ्गी अकरण :** पढदिनँ, सुन्दिनँ, खाँदिनँ, जादिन पढिनस्

**पुलिङ्गी /स्त्रीलिङ्गी करण :** खाइस्, पढिस्, पढिथिस्, गरिथिस्, सुनिथिस्

(ङ) **तत्सम शब्दमा** नेपालीमूलक प्रत्यय लाग्दा आधारतत्वको शब्दादिको इकार–उकार ह्रस्व लेखिन्छ : धूर्त > धुर्त्याइँ, मूर्ख> मुर्ख्याइँ-पूर्व >पुर्बेली, पुर्बिया, स्वीकार> स्विकार्नु

(च) **तद्भव अपवाद नियम** (क्षतिपूरक नियम) का आधारमा दीर्घ लेखिने शब्दहरूमा नेपालीमूलक प्रत्यय लगाई व्युत्पन्न भएका शब्दहरूको अगाडिको ई, ऊ ह्रस्व लेखिन्छ :

बूढो + याइँ , बुढयाइँ, बूढो - बुढचौली, मीत-मितिनी, तिखो - तिख्याउनु, तीतो- तित्याउनु, मीठो - मिठ्याउनु ।

(छ) **शब्दान्तमा दीर्घ इकारान्त लेखिने** शब्दहरूमा प्रत्यय लागेपछि प्रायः ह्रस्व लेखिन्छ :

दुई >दुइटा, खुसी >खुसियाली, असी >असिऔँ, बत्तीस >बत्तिसौँ, छत्तीस >छत्तिसे, चौबीस >चौबिसी

## २.१०.२ शब्दान्तमा ह्रस्व

कतिपय शब्दहरूको अन्तिम इकार-उकार ह्रस्व लेखिन्छ ।

**पुलिङ्गी इकारान्त-उकारान्त नाम**

दाइ, भाइ, पोइ, ज्वाइँ, नाति, पलाति, दाजु, भिनाजु, जेठाजु, गोरू, भालु सानु, रामु, कालु,

**निर्जीव उकारान्त नाम**

पिँडालु, आलु, डाडु, तराजु, च्याउ, स्याउ, नाउ, नाउँ, हिउँ, लड्डु, छानु सिस्नु

**स्थानवाची उकारान्त नाम**

गाउँ, ठाउँ, मुगु, साँखु, चाँगु, चार्खु, मालु

**इकारान्त र उकारान्त अव्यय**

**क्रियायोगी**- भोलि, पर्सि

**नामयोगी-** अगि, पछि, (अगाडि), (पछाडि), माथि, मुनि, वारि, पारि,

**संयोजक**- अनि, पनि, फेरि, तापनि, किनकि

**निपात** खेरि, पालि, सामु, नाइँ, कुन्नि, खालि, आच्छु, चाहिँ

**विभक्ति**- देखि, लागि, निम्ति

**व्युत्पन्न शब्द**

**आइ,आइँ, आउ प्रत्ययवाला नाम**

पढाइ, लेखाइ, हिँडाइ, एकाइ, कमाइ, लमाइ, सिलाइ, पिटाइ बसाइँ, लडाइँ, बढाइँ, कजाइँ चुनाउ, घेराउ, पक्राउ, जनाउ ।

**सर्वनाममा** 'ति' प्रत्यय लागेर बनेका शब्द यति, त्यति, उति, कति, जति ।

**आरु, आलु, एलु, उ** प्रत्ययवाला (उकारान्त) विशेषण निम्तारु, बजारु, सिकारु, हटाऊ दुधालु, बिखालु, सिपालु, खर्चालु यात्रु, जान्नु, पत्रु, लागु, चालु ।
यस्तै अन्य **संयुक्त व्यञ्जनान्त उकारान्त विशेषण** पनि ह्रस्व लेखिन्छन् :
छट्टु, पिट्ठु, खग्गु, लग्गु, पिछलग्गु, उल्लु, बुद्ध, हुस्सु
**'छ' क्रियापद**
छु, बस्छु, जान्छु, आउँछु, पढ्नेछु
**व्यत्पन्न अव्यय** : अगाडि, पछाडि, बर्सेनि, दिनहुँ, मुखेन्जि
**द्वित्व (अनुकरणमूलद्वक) उकारान्त** : सुपुसुपु, धुरुधुरु, फुतुफुतु, कुलुकुलु, फुरुरु, भुनुनु
**आगन्तुक नाम शब्दको अन्तिम उकार** ह्रस्व लेखिन्छ : काजु, बाजु, चाउचाउ, कङ्गारु (अधिकारी, २०६३ : २९) ।

**२.१०.३ ब, व को प्रयोगसम्बन्धी नियम**

**२.१०.३.१ बोल्दा र लेख्दा दुवै ब हुने शब्दहरू**

सुरु : बकस, बखत, बगैंचा, बढी, ब्रह्माण्ड, बृहत् आदि । बीच : चुम्बक, निबन्ध, सम्बन्ध, सम्बोधन आदि । अन्त्य : अब, अम्बा, जब, जाबो, सुब्बा आदि ।

### २.१०.३.२ बोल्दा र लेख्दा दुवै व हुने शब्दहरू

सुरु : वकिल, वजन, वडा, वतन, वरिपरि, वास्ता आदि । बीच : अवसर, आवाज, खेतीवाल, गुणवान्, धनवान् आदि । अन्त्य : कछुवा, कावा, कुवा, चँदुवा, निबुवा, भुवा, मेवा, सेवा आदि ।

### २.१०.३.३ बोल्दा ब लेख्दा व हुने शब्दहरू

सुरु : वंश, वंशाणुगत, वक्तव्य, वक्ष, वचन, व्याख्या, व्यापक आदि । बीच : कविता, जीवन, नवीन, पर्व, प्रभाव, विवाह, विवाद, संविधान आदि । अन्त्य : अभाव, कवि, गर्व, शिव, स्वभाव, यादव, छवि आदि ।

### २.१०.३.४ 'ब' को प्रयोगसम्बन्धी नियम

(१) नाम शब्दमा 'ब' लेखिन्छ, जस्तै : बालुवा, बारुद, बालक, बोसो, तलब, हिसाब, बहिनी, बगैंचा आदि ।

(२) विशेषण शब्दमा 'ब' लेखिन्छ, जस्तै : बनैया, बन्द, बन्दी, बहिरो, बिखालु, बिचरो, बुढो आदि ।

(३) केही अव्यय शब्दमा 'ब' लेखिन्छ, जस्तै : बिस्तारै, बेग्लै, बेसरी, ब्यारे, अब, जब, तब आदि

(४) द, ध, लका अगि 'ब' लेखिन्छ, जस्तै :बद्ध, बुद्ध, शब्द, बध, बाधा, बुध, बोध, बालक, स्तब्ध आदि ।

(५) बद, बि, बे उपसर्ग लागेका शब्दमा 'ब' लेखिन्छ, जस्तै : बदमास, बिकास, बिचेत, बिछोड, बेइज्जत, बेकाम आदि ।

(६) मका पछि 'ब' लेखिन्छ, जस्तै : अम्बा, अम्बिका, कुटुम्ब, चुम्बक, विडम्बना, सम्बन्ध, सम्बन्धी आदि ।

(७) ह, ह्मका अगि 'ब' लेखिन्छ, जस्तै : बहिर्मुखी, बहिष्कार, बहुव्रीहि, बृहत, ब्रह्मचारी आदि ।

(८) तत्सम शब्दमा 'ब' लेखिन्छ, जस्तै : बल, बलि, बहिष्कार, बाधा, बुद्धि, बोध, निबन्ध, प्रबन्ध आदि ।

### २.१०.३.५ 'व' को प्रयोगसम्बन्धी नियम

(१) केही नाम शब्दमा 'व' लेखिन्छ, जस्तै : कछुवा, कुवा, जुवा, ज्वाइँ, दुवाली, धुवाँ, नेवार, सवारी, पुवा, भुवा, हावा आदि ।

(२) केही अव्यय शब्दमा 'व' लेखिन्छ, जस्तै : वरिपरि, वाक्क, वारपार, वारि, वारिपारि, वाल्ल आदि ।

(३) आवट, उवा, वार, वारी, वाला प्रत्यय लागेका शब्दमा 'व' लेखिन्छ, जस्तै : बोलावट, सजावट, उड्डुवा, सुतुवा, उम्मेदवार, जिम्मेवार, फाँटवाला, महिनावारी आदि ।

(४) ऋ, वि, वै लागेका शब्दमा 'व' लेखिन्छ, जस्तै :

विकट, विकल, विकास, विचित्र, विद्या, विराट्, विशाल, वैज्ञानिक आदि ।

(५) त्व, व्य लागेका शब्दमा 'व' लेखिन्छ, जस्तै : नेतृत्व, व्यथा, व्यय, व्यवहार, व्याख्या, व्यापक, गन्तव्य, मन्तव्य आदि ।

(६) वत्, वती, वर, वान्, विद् शब्दमा 'व' लेखिन्छ, जस्तै : आत्मवत्, गुणवत्, मित्रवत्, ईश्वर, भगवती, सौभाग्यवती, धनवान् आदि ।

(७) सं उपसर्गका पछि 'व' लेखिन्छ, जस्तै : संवत्सर, संवरण, संवाद, संविधान, संवेग आदि ।

(८) अनुकरणात्मक र संयुक्ताक्षर भएका शब्दमा 'व' लेखिन्छ, जस्तै : क्वाप्प, क्वाम्म, ग्वाँक, छुवाल्ल, वाक्क, वाल्ल आदि ।

(९) तत्सम शब्दमा 'व' लेखिन्छ, जस्तै : वाणी, वाद, वातावरण, वायु, विशाल, विशेष, व्यापक, अवसर, संवाद आदि ।

(१०) केही आगन्तुक शब्दमा 'व' लेखिन्छ, जस्तै : वारेस, वकिल, वार्ड, वास्ता, पावर, सवारी, सावर आदि ।

### २.१०.३.६ य, ए को प्रयोगसम्बन्धी नियम

(१) **'य' को प्रयोग :** सुरु : यति, यत्रो, यसरी, यहाँ, याद, योद्धा, यौवन आदि । बीच : आयोग, गायक, वियोग, संयोग, संयोजक, संयोजन, सायद आदि । अन्त्य : कर्तव्य, कार्य, भरिया । यसैगरी यो, त्यो सर्वनाम र तिनबाट बनेका शब्दमा 'य' लेखिन्छ । भूतकालीन क्रियामा 'य' लेखिन्छ ।

**तत्सम शब्दमा 'य'** लेखिन्छ, जस्तै : सुरु : यज्ञ, यथा, यथार्थ, यमुना, यात्रा, योग आदि । बीच : अन्याय, दायित्व, प्रत्येक, प्रयोग, वियोग, संयोग, संयोगान्त आदि । अन्त्य : क्षेत्रिय, गद्य, चाणक्य, जय, माधुर्य, मुख्य, मूल्य, रमणीय आदि ।

**केही व्युत्पन्न शब्दमा** 'य' लेखिन्छ, जस्तै : बीच : घुस्याहा, मुल्याहा, रत्यौली, केट्यौली, फर्स्योट आदि । अन्त्य : कमैया, गरैया, गवैया, घरनियाँ, चिनियाँ, बनैया, भरिया, सहरिया आदि ।

**केही आगन्तुक शब्दमा** 'य' लेखिन्छ, जस्तै : यकिन, यहुदी, एयर, कायल, खयर, घायल, डायरी, पायल, सायद आदि ।

**'ए' को प्रयोग :** सुरु : एक, एउटा, एक्का, एघार, एकादशी, एसिया आदि । बीच : आएको, गाएको, छाएको, दिएको, भएर, भएको आदि । अन्त्य : आँए, आए, गाएँ, गाए, छाए, दिएँ आदि ।

**'ए' को प्रयोगसम्बन्धी नियम**

सङ्ख्या बुझाउने शब्दमा, एक जोडिएर बनेका शब्दमा, एको, एर, जोडिएर बनेका कृदन्त शब्दमा 'ए' लेखिन्छ ।

सामान्य भूतकालीन क्रियामा, अज्ञात भूतकालीन क्रियामा, भूतकालीन तृतीय पुरुष, निम्नआदरार्थी अकरणमा इच्छार्थक क्रियामा 'ए' लेखिन्छ ।

## २.१०.३. ७ श, ष, स को प्रयोगसम्बन्धी नियम

### 'श' को प्रयोगसम्बन्धी नियम

(१) ऋ, च, र, ल वर्णभन्दा अगाडि 'श' लेखिन्छ, जस्तै :

निश्चय, पश्चात्, आश्चर्य, निशाचर, आश्रम, आश्रय, श्रोता आदि ।

(२) विसर्ग लागेका शब्दमा 'श' लेखिन्छ, जस्तै :

क्रमशः, प्रायशः, अक्षरशः, शतशः, शब्दशः आदि ।

(३) शभन्दा पहिले 'श' लेखिन्छ, जस्तै :

शशक, शशाङ्क, शशि, शाश्वत्, शिशिर, शिशु, शैशव आदि ।

(४) षभन्दा पहिले 'श' लेखिन्छ, जस्तै :

अशेष, अश्लिष्ट, आशिष, विशेषता, शिष्ट, शिष्य, शेष, शोषक, शोषण, विशेषण आदि ।

(५) सभन्दा पहिले 'श' लेखिन्छ, जस्तै :

आश्वस्त, नृशंस, प्रशंसा, प्रशासक, प्रशासन, विश्वास, शासन, शास्त्र, श्वास आदि ।

(६) तत्सम शब्दमा 'श' लेखिन्छ, जस्तै :

सुरु : शरण, शरीर, शव, शान्ति, शिशिर, शैक्षिक, शोषक, शोषण आदि ।

बीच : आश्वासन, ईश्वर, कुशल, दृश्य, निश्चय, पश्चात्, प्रशासन, प्रश्न आदि ।

अन्त्य : आशा, आशु, प्रकाश, शशि, शिशु, षोडश, स्पर्श, दशा आदि ।

## 'ष' को प्रयोगसम्बन्धी नियम

(१) क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि 'ष' लेखिन्छ, जस्तै :

आकर्षक, कृषक, पुष्कर, षटकोण, कनिष्ठ, वरिष्ठ, घोषणा, भाषण, विष्णु आदि ।

(२) षट् जोडिएर बनेका शब्दमा 'ष' लेखिन्छ, जस्तै :

षट्कोण, षड्गुण, षडानन, षड्रस आदि ।

(३) स्वरवर्णको लगत्तैपछि 'ष' लेखिन्छ, जस्तै :

आषाढ, उष्ण, उष्म, उषा, ऋषभ, ऋषि, औषध, औषधी आदि ।

(४) तत्सम शब्दमा 'ष' लेखिन्छ, जस्तै :

सुरु : षष्ठी, षोडश, षोडशी, षट्, षड्यन्त्र आदि ।

बीच : अभिषेक, अष्ट, आकर्षण, आषाढ, पोषण, बहिष्कार, भूषण आदि ।

अन्त्य : वर्ष, वर्षा, विशेष, विष, शीर्ष, सन्तोष, हर्ष, हितैषी आदि ।

## 'स' को प्रयोगसम्बन्धी नियम

(१) अङ्कवाची शब्दमा 'स' लेखिन्छ, जस्तैं :

सुरु : सत्र, सत्ताईस, साठी, सत्तरी, सय आदि ।

बीच : उनन्साठी, उनन्सत्तरी आदि ।

अन्त्य : दस, बीस, एक्काईस, बाईस, तेईस, चौबीस आदि ।

(२) स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा 'स' लेखिन्छ, जस्तैं :

सपरिवार, सजाति, सफल, सबल, साकार, सत्कार, सद्भाव, सदिच्छा, संसद् आदि ।

(३) शब्दका बीचमा प्रायः 'स' लेखिन्छ, जस्तैं :

असीम, अस्त्र, आसन, आस्तिक, उत्सुक, कुसुम, पुरस्कार, व्यस्त, शस्त्र, शासन आदि ।

(४) तत्सम शब्दमा 'स' लेखिन्छ, जस्तैं :

सुरु : संयुक्त, संसद्, संसार, सदन, सभा, समिति, समीक्षा, साधन, साधु, सेना आदि ।

बीच : असीम, आसन, आस्तिक, उत्सुक, कुसुम, नमस्कार, पुरस्कार, वासना आदि ।

अन्त्य : दास, पारस, राक्षस आदि ।

(५) संस्कृतबाट रूप फेरिएर आएका तद्भव शब्दमा 'स' लेखिन्छ, जस्तैं :

सुरु : सय, ससुरा, साँढे, साग, सासू, सुगा, सेतो आदि ।

बीच : असाद्धे, असार, असोज, तिर्सना, मसान आदि ।

अन्त्य : आँसु, दस, दसैं, पचास, पुस, बीस, मुसो आदि ।

(६) अन्य भाषाबाट आएका आगन्तुक शब्दमा 'स' लेखिन्छ, जस्तैं :

सुरु : सलाम, सहर, सहिद, सान, साबुन, समान, सायद, सैतान, स्टेसन, स्कुल आदि ।

बीच : कोसिस, फेसन, बादसाह, रासन आदि ।

अन्त्य : बतास, बदमास, बाकस, बृटिस, सिफारिस आदि ।

## २.१०.३.८ अजन्त–हलन्तको प्रयोगसम्बन्धी नियम

उच्चारणमा खुट्टो नकाटिने वा अन्त्यमा स्वर हुने शब्दलाई अजन्त र खुट्टो काटिने वा अन्त्यमा स्वर नहुने शब्दलाई हलन्त भनिन्छ । अजन्तलाई अच् र हलन्तलाई हल् पनि भनिन्छ ।

**अजन्तको प्रयोगसम्बन्धी नियम**

(१) नाम, सर्वनाम, विशेषण र अव्ययवर्गका शब्दको उच्चारण हलन्त भए पनि अजन्त लेखिन्छ, जस्तै :

नाम : आँप, इमान, कपाल, कलम, काम, कोट, घर, जापान, भारत, वन, सुडान आदि ।

सर्वनाम : उनको, उसको, कुन, जुन, तिनको, त्यसको, यसको हजुरको आदि ।

विशेषण : असल, कठोर, गरिब, दस, पाँच, बीस, मधुर आदि ।

अव्यय : कलकल, खलखल, खासखुस, गनगन, पटपट, सहित आदि ।

(२) कतिपय शब्द उच्चारणअनुसार नै अजन्त लेखिन्छ, जस्तै :

एक अक्षरे शब्द : छ, तँ, त, न, म, र, ल आदि ।

केही अव्यय शब्द : अब, आउन, खान, खाएर, जब, तर, निर, बाहिर, वर, हिँडेर आदि ।

केही सङ्ख्यावाचक शब्द : एघार, बार, तेर, चौध, पन्ध्र, सोर, सत्र, अठार आदि ।

द्वितीय पुरुष बहुवचन आज्ञार्थक क्रिया : उठ, खेल, गर, पढ, भन आदि ।

तृतीय पुरुष एकवचन करण– अकरण बुझाउने क्रिया : आइन, खाइन, खाँदैन आदि ।

अन्त्यमा संयुक्त वर्ण भएको शब्द : क्वाप्प, खर्च, गर्व, फर्क, माग्न, सर्ग आदि ।

उही वर्ण दोहोरिएका अनुकरणात्मक शब्द : झलमल्ल, फरर, भनन, सलल, हरर आदि ।

**हलन्तको प्रयोगसम्बन्धी नियम**

(१) वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार लेखिन्छ, जस्तै

वत् : दण्डवत्, पुत्रवत्, मित्रवत्, संवत् आदि ।

मान् : बुद्धिमान्, श्रीमान्, हनुमान् आदि ।

वान् : गुणवान्, धनवान्, बलवान्, भगवान्, विद्वान आदि ।

(२) कतिपय शब्द उच्चारणअनुसार नै हलन्त लेखिन्छ, जस्तैं :

खेल्, गर्, पढ्, पढ्छस्, पढलान्, हेर्, हेर्लान् आदि ।

(३) केहि अव्यय शब्द हलन्त लेखिन्छ, जस्तै :

इस्, उफ्, उस्, झन्, हट् आदि ।

(४) अन्त्यमा त आउने केही तत्सम शब्द हलन्त लेखिन्छ, जस्तै :

अर्थात्, आपत्, कदाचित्, कृत्, यावत्, विपत्, शाश्वत्, सत्, साक्षात्, हठात् आदि ।

(५) अन्त्यमा द आउने केही तत्सम शब्द हलन्त लेखिन्छ, जस्तै :

आपद्, उपनिषद्, विपद्, संसद्, सभासद् सुहृद् आदि ।

(६) अन्त्यमा म आउने केही तत्सम शब्द हलन्त लेखिन्छ, जस्तैं :

अहम्, एवम्, परम् शुभम्, स्वयम्, स्वागतम् आदि ।

## २.१०.३.९ पदयोग र पदवियोगको प्रयोगसम्बन्धी नियम

शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु छुट्ट्याएर लेख्नुलाई पदवियोग भनिन्छ ।

**पदयोगसम्बन्धी नियम**

(१) नाम र विभक्ति जोडेर लेखिन्छ, जस्तै :

भाइले, सुजनले, भाइलाई, घरबाट, प्रभाका, कालेकी, हिजोदेखि आदि ।

(२) नाम र नामयोगी जोडेर लेखिन्छ, जस्तै :

डाँडामाथि, बाबुसित, भाइसँग, भातसँगै, खोलापारि, मधेरतिर, यसभन्दा आदि ।

(३) शब्दमा लागेको उपसर्ग जोडेर लेखिन्छ, जस्तै :

अयोग्य, अतिरिक्त, आजीवन, प्रहार, विचार, विज्ञान, सहयोग, सुपुत्र आदि ।

(४) शब्दमा लागेको प्रत्यय जोडेर लेखिन्छ, जस्तै :

अंशियार, घरानियाँ, घरेलु, जाँगरिलो, भतुवा, मानवीय, सहरिया, सामाजिक आदि ।

(५) समस्त शब्द जोडेर लेखिन्छ, जस्तै :

कालीमाटी, चैतेबाँदर, त्रिभुज, दाजुभाइ, बाबुछोरा, भान्दाइ, हिजोअस्ति आदि ।

(६) द्वित्व भई बनेका शब्द जोडेर लेखिन्छ, जस्तै :

आलोपालो, ऐँचोपैँचो, गाउँगाउँ, घरघर, दिनदिन, रातोरातो, बाटैबाटो, वनैवन आदि ।

(७) अनुकरणात्मक शब्द जोडेर लेखिन्छ, जस्तै :

खल्याङ्मल्याङ्, झल्याकझुलुक, पल्याकपुलुक, खस्याकखुसुक आदि ।

(८) अकरण बुझाउने शब्दमा न जोडेर लेखिन्छ, जस्तै :

नखाला, नपढ्ला, नजाती, नराम्रो, खादैनथ्यो, खाँदैन, पढदिन आदि ।

(९) धातु र समयसूचक प्रत्यय जोडेर लेखिन्छ, जस्तै :

पढ्छ, पढ्यो, पढ्ला, पढ्नेछ, पढ्थ्यो, पढ्थ्यौं, पढेछ आदि ।

(१०) सामान्य, वर्तमान, भूत र भविष्यत् बुझाउने क्रिया जोडेर लेखिन्छ, जस्तै :

पढ्छ, पढ्यो, पढ्नेछ, लेख्छ, लेख्यो, लेख्नेछ आदि ।

(११) अज्ञात र अभ्यस्त भूत बुझाउने किया जोडेर लेखिन्छ, जस्तै :

पढेछ, पढ्थ्यो, लेखेछ, लेख्थ्यो आदि ।

(१२) संयुक्त किया जोडेर लेखिन्छ, जस्तै :

आउनुहोस्, खाइसक्नुभएछ, खेल्नुहोस्, गइसक्यो, भनिदिउँला, लेखिसकी आदि ।

(१३) व्यक्तिको नामका बीचको शब्द जोडेर लेखिन्छ, जस्तै :

पवित्रादेवी, मानदेव, राममाया, रञ्जनकुमार, सीताकुमारी, बेनीबहादुर आदि ।

**पदवियोगसम्बन्धी नियम**

(१) वाक्यमा आउने सबै शब्दहरू छुट्याएर लेखिन्छ, जस्तै : संसारको सर्वोच्च शिखर सगरमाथा नेपालमा हुनु हामी सबैका लागि गौरवको कुरा हो ।

(२) संयोजक छुट्याएर लेखिन्छ, जस्तै :

बुबा **र** आमा, रातो **र** कालो, बस **या** जाऊ, भाषा **र** व्याकरण पढ ।

(३) कियायोगी छुट्टचाएर लेखिन्छ, जस्तै :

**बाहिर** पानी पर्दैछ । **अगि** पानी परेको थियो । मदन **राम्ररी** पढ्छ । शिव **धेरै** खान्छ ।

(४) विभक्तिभन्दा पछि आउने विभक्ति वा नामयोगी छुट्टचाएर लेखिन्छ, जस्तै :

भाइका लागि, साथीको निम्ति, उसलेभन्दा, त्यसभन्दा माथि, साथीको तर्फबाट आदि ।

(५) निपात छुट्ट्याएर लेखिन्छ, जस्तै :

**ए,** कुरो त्यसो पो रहेछ ?, **ए,** हो र ?, होइन **क्यारे** । हो **ब्यारे** । **लौ** जा **न त** ।

(६) संयुक्त क्रियाका बीचमा निपात आए छुट्ट्याएर लेखिन्छ, जस्तै :

खानु नै पर्छ । मैले जानु नै पर्छ । झुटो बोल्नु त भएन नि । गर्नु त पर्ने नै हो ।

(७) वर्तमान, भूत र भविष्यत् तीनै कालका अपूर्ण र पूर्ण पक्ष जनाउने क्रिया छुट्ट्याएर लेखिन्छ, जस्तै :

**वर्तमान** : पढ्दै छ, पढेको छ, खेल्दै छ, खेलेको छ आदि ।

**भूत** : पढ्दै थियो, पढेको थियो, खेल्दै थियो, खेलेको थियो आदि ।

**भविष्यत्** : पढ्दै हुनेछ, पढेको हुनेछ, खेल्दै हुनेछ, खेलेको हुनेछ आदि ।

(लुइटेल, २०६७ : २९८)

## २.११ सारांश

भाषा सम्प्रेषण र सूचनाको उत्कृष्ट माध्यम हो । सूचना सञ्चारका लागि समाचारपत्र छापा माध्यमको एक उत्कृष्ट माध्यम हो र सम्प्रेषणको अनौपचारिक शैली अपनाउने समाचार स्तम्भ एक पत्रिकाको कलात्मक पक्ष हो । भाषा समाचारपत्रको नीति हो, मार्ग दर्शन हो । यो पत्रिकाको तर्फबाट आफ्नो भनाइ र विचार राख्ने ठाउँ हो । जुन समसामयिक विषयसँग गाँसिएको हुन्छ । समाचारले पाठकलाई देश-विदेशका हालचाल र ताजा घटनाक्रमको जानकारी मात्र दिने होइन कि ती घटना र सन्दर्भहरूमा निहित सत्यको निरुपण गर्ने प्रयास गर्दछ, गर्नुपर्दछ । खासगरी जनमतको निर्धारण गर्नका लागि समाचार स्तम्भको विशेष महत्त्व रहन्छ । यो स्तम्भको प्रयोग कुनै घटना वा समस्याका बारेमा पाठकलाई दिशाबोध गर्ने हिसाबले गर्नुपर्दछ, जसलाई पढेर पाठकले आफ्नो मत बनाउन सकुन् । समाचारको भाषा वस्तुनिष्ठ, निष्पक्ष, निर्भीक र संक्षिप्त हुनुपर्दछ । मुख्य कुरा भन्नुभन्दा पनि शब्द वा विचारको अनावश्यक पुनरावृत्ति गर्नाले पाठकहरू समाचारप्रति उत्सुक हुँदैनन् । तसर्थ समाचारको भाषा सीधा, स्पष्ट र मानक हुनुपर्दछ भन्ने शैली तर्कपरक छ ।

आजभोलि हाम्रो प्रचलनमा समाचार लेख्नु भनेको औपचारिकता पूरा गर्नु मात्र ठानिन्छ । जसबाट समाचारको सिद्धान्त, संरचना र भाषा शैली जस्ता पक्षहरू ओझेल परिरहेको देख्न सकिन्छ ।

समग्रत : उत्कृष्ट समाचार लेखनका लागि संवाददाता उक्त विषयवस्तु वा घटनाबारे पर्याप्त जानकार हुनुपर्दछ । समाचार लेख्ने विषय छनोट गर्दा त्यसको महत्त्व र त्यसले पार्ने प्रभावलाई संवाददाताले ध्यान दिनुपर्दछ । यदि आलोचना गर्नु छ भने शिष्ट भाषामा, सौम्य भएर गर्नुपर्दछ । समाचार स्पष्ट र संक्षेप हुनुपर्दछ । बिना प्रमाण, तथ्यबेगर र हचुवाको भरमा विषयवस्तु वा घटनाबारे समाचार लेख्नुहुदैन । राजनीति, व्यापार र उद्योग आदि जस्ता विषयमा समाचार लेख्नु परेमा विषयवस्तुसँग सम्बधित विज्ञसँग छलफल गरेर मात्र लेख्नुपर्दछ । समाचार लेख्दा पत्रकारिताको पेसागत प्रतिष्ठालाई पनि ध्यानमा राखेर लेख्नुपर्दछ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

यस अध्ययनमा विशेषत : सामग्री सङ्कलनका लागि पुस्तकालयीय अध्ययन गर्नुपर्ने भएकाले पुस्तकालयीय अध्ययन विधिलाई आधार बनाइएको छ । नमुनाका रुपमा वि.सं. २०७० सालको फाल्गुन महिनाका तीन वटा समाचारपत्रको १० वटा अङ्कका मुख पृष्ठका समाचारपत्रलाई लिइएको छ । पुस्तकालयबाट मात्र प्राप्त हुन नसक्ने सामग्री अध्ययन तथा सङ्कलनका लागि स्थलगत अध्ययन गर्नुपर्ने भएकाले सर्वेक्षण विधि पनि थोरबहुत प्रयोगमा आएको छ । प्राप्त भएका सामग्रीलाई विभिन्नआधारमा विश्लेषण गर्नका लागि वर्णनात्मक विधि अपनाइएको छ ।

## ३.२ सामग्री सङ्कलन

प्रस्तुत अध्ययनका क्रममा प्राथमिक र द्वितीय दुवै सामग्रीलाई सङ्कलन गरिएको छ । समाचारलाई सङ्कलन गर्नका निम्ति सर्वप्रथम प्रभात समाचार, जनबोली सन्देश र सिन्धुली सौगात समाचारहरू प्रकाशन गर्ने १० वटा पत्रिकालाई प्राथमिक सामग्रीका रूपमा लिइएको छ । साथै समाचारको विश्लेषणका क्रममा अपनाइएका आमसञ्चार जगत्का अनुसन्धानात्मक कृतिहरू, लेखहरू, मेगजिनहरू, इन्टरनेट, वेवसाइटहरू तथा पुस्तकलाई द्वितीय सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यस अध्ययनमा समेटिएका प्रतिनिधि पत्रिका **सिन्धुली सौगात, प्रभात समाचार, जनबोली सन्देश** २०७० फाल्गुन महिनासम्मका १० वटा भाषिक समाचारहरू सङ्कलन गरेर विश्लेषणका आधारहरू निर्माण गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा भाषिक समाचार पक्षमात्र हेरिने भएकाले भाषा प्रयोग गरिएको समाचारपत्रको मुख पृष्ठलाई मात्र आधार मानिएको छ किनकी पत्रिका प्रत्येक पृष्ठको अध्ययन गर्न असम्भव हुन्छ ।

## ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

जुनसुकै कार्य गर्नका लागि एउटा निश्चित प्रक्रिया अपनाउनु पर्ने अनिवार्य आवश्यकता रहन्छ । यस अध्ययनको तथ्याङ्क सङ्कलनका लागि सर्वप्रथम प्रतिनिधि पत्रिकाहरू (**सिन्धुली सौगात, प्रभात समाचार, जनबोली सन्देश**) सङ्कलन गरियो । प्रत्येक पत्रिकाको मुख पृष्ठमा रहेका भाषिक समाचारलाई (भाषा) नोटबुकमा टिपोट गरियो । नोटबुकमा टिपोट गरिसकेपछि

तिनीहरूलाई विभिन्न आधारमा विश्लेषण गर्न सहयोग पुऱ्याउने सहायक सामग्रीलाई सङ्कलन गरियो, प्रकाशक, इन्टरनेट, वेवसाइटहरू खोजी गरियो र त्यसपछि निश्चित विश्लेष्य आधारहरू तय गरी सामग्री विश्लेषण गरिएको छ ।

## ३.४ विश्लेषणका आधारहरु

यस अध्ययनका क्रममा सङ्कलन गरिएका प्रतिनिधि सामग्रीलाई विश्लेषण गर्नका निम्ति निम्न आधारहरू तय गरिएको छ ।

### ३.४.१ समाचारपत्रको भौतिक विशेषता

भौतिक विशेषता भन्ने वित्तिकै समाचारलाई बाहिरी रूपमा नियाल्दा देखिने दृष्टि तत्त्व भन्ने बुझिन्छ । यसमा समाचारको बाहिरी आवरणलाई नियाल्दा देखिने भाषिक प्रयोगमा देखिएका त्रुटि, संरचना, शैली, विषयवस्तु र शीर्षकलाई मुख्य आधार बनाइएको छ ।

### ३.४.२ भाषिक संरचनाको आधार

भाषिक संरचनाको अध्ययनका लागि वाक्यात्मक संरचनालाई मुख्य आधार मानिएको छ । जसमा अभिव्यक्तिका क्रममा आउने अपूर्ण वाक्य, सरल वाक्य, असमापिकायुक्त जटिल वाक्य, समापिकायुक्त जटिल वाक्य तथा पदावली आदिलाई तय गरी समाचारका भाषाको विश्लेषण गरिएको छ ।

### ३.४.३ समाचारको विषयवस्तु

समाचारमा प्रयोग गरिएको भाषाको अध्ययन गरी त्यसले द्योतन गरेको पक्ष र जाहेर गरेको अर्थलाई विषयका रूपमा लिइएको छ । समाचार कुन पक्षसँग सम्वन्धित छ र त्यसले कुन विषयलाई प्रस्तुत गरेको छ भन्ने कुरालाई मुख्य आधार मानी विषयगत पक्षलाई निर्क्योल गरिएको छ । कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरो नै विषयवस्तु हो (प्रयोगात्मक नेपाली शब्दकोश, २०६३ : ९५२) । अर्थात बोल्ने, लेख्ने वा पढ्ने सन्दर्भमा तय गरिएको शीर्षक वा विषयलाई विषयवस्तु भनिन्छ । समाचारको विषयक्षेत्र व्यापक छ । तैपनि यस्तो विषय वा मुद्दामा समाचार लेख्नु पर्दछ जुन पाठकलाई महत्त्वपूर्ण लागोस् । पाठकका रूचि, इच्छा र आवश्यकता पूरा गर्ने सामग्री मात्र समाचारको विषयवस्तु हुन सक्छ ।

### ३.४.४ भाषिक शैली विश्लेषणको आधार

जीवन्त भाषाका विभिन्न किसिमका शैलीहरू हुन्छन्:- औपचारिक, अनौपचारिक, लिखित, मौखिक......। सम्प्रेषणका क्रममा वक्ता र श्रोताको अन्तरक्रियाको प्रस्तुति वा वातावरणले पनि महत्त्वपूर्ण भूमिका खेल्दछन् । औपचारिक समारोह र अनौपचारिक वातावरणमा प्रयोग गरिने भाषिक रूप तथा शैली छुट्टाछुट्टै हुन्छ (ढुङ्गेल र दाहाल, २०५७ : २६) । भाषिक भेदअनुरूप पनि शैली निर्धारण हुन सक्दछ । औपचारिक शैलीले भाषाको प्रयोग सामाजिक वातावरणमा भइरहेको जनाउँछ जहाँ स्तरीय भाषाको नजिकमा रहेर भाषाको प्रयोग गरिन्छ भने अनौपचारिक शैलीले औपचरिकताभन्दा पर सामान्य कुराकानीका सन्दर्भमा प्रयोग हुने भाषिक रूपको प्रयोगलाई जनाएको हुन्छ । यसमा आत्मीयता अव्याकरणिक तथा भाषिकागत प्रभावित कुराहरू बढी सम्बद्ध हुन्छन् ।

### ३.४.५ शीर्षक विश्लेषणको आधार

सामान्यतया शीर्षकले सम्पूर्ण विषयवस्तुको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । शीर्षकले पाठकलाई विषयवस्तुप्रति अभिरूचि पैदा गर्न सक्नुपर्दछ । समाचारपत्रको शीर्षक छोटो, मीठो र जनसाधारणले बुझ्ने भाषामा हुनुपर्दछ । सबैभन्दा महत्त्वपूर्ण कुरा शीर्षकले विषयवस्तुको प्रतिनिधित्व गर्न सक्नुपर्दछ । शीर्षक लेख्दा कर्तृवाच्य, सरल तथा प्रत्यक्ष क्रियाको प्रयोग गरिनु राम्रो हुन्छ । व्यक्तिवाचक र संक्षिप्त नाम सकेसम्म प्रयोग गर्नु हुँदैन, यदि गर्नुपरे पाठकलाई एकदमै परिचित नाम मात्र प्रयोग गर्न सकिन्छ । शीर्षकमा  अल्पविराम चिह्न, प्रश्न चिह्न र कहिलेकाँही बाहेक आश्चर्यवोधक चिह्न प्रयोग गरिदैनन् । क्रियापद र नामयोगीबाट शीर्षक सुरू गर्नु हुँदैन । त्यसैगरी सर्वनामको प्रयोग शीर्षकमा वर्जित छ (गोरखापत्र शैली पुस्तिका, २०५५ : ४१-४२) ।

### ३.४.६ त्रुटि विश्लेषणको आधार

भाषाको प्रयोगका क्रममा व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । कुनै व्यक्तिले गरेका त्रुटिको प्रकृति हेरेर के

कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटि के कति कारणले गर्दा भएका हुन्छन् भन्ने कुराको पत्ता लगाउन सकिन्छ । त्रुटि हुन सक्ने भाषाका क्षेत्रहरू नै त्रुटिका क्षेत्रहरू हुन् । यस्ता त्रुटिका क्षेत्रहरूलाई वर्ण विन्यासगत त्रुटि, ह्रस्व दीर्घको प्रयोग, ब,व को प्रयोग, श,ष र स को प्रयोग, रि, ऋ को प्रयोग, पदयोग पदवियोगको त्रुटि, अजन्तको प्रयोग, हलन्तको प्रयोग, ए र य को प्रयोग, रेफसम्वन्धी त्रुटि, रूपगत त्रुटि, शब्द रचनागत त्रुटि, शब्द प्रयोगगत त्रुटि, पदावलीगत त्रुटि, वाक्य गठनगत त्रुटि, अर्थगत त्रुटि र विविध त्रुटिको आधारमा अध्ययन विश्लेषण गरिएको पाइन्छ ।

## ३.५ सारांश

विशेषतः पुस्तकालयीय विधि तथा वर्णनात्मक विधि अपनाइएको यस अध्ययनका निम्ति २०७० फाल्गुनका १० वटा सिन्धुलीबाट प्रकाशित भएका समाचारपत्रको मुख पृष्ठको समाचारलाई प्रतिनिधि सामग्रीका रूपमा लिई सङ्कलन गरिएको छ । ती सामग्रीलाई विश्लेषण गर्नका निम्ति विभिन्न आधारहरू जस्तै : समाचारको भौतिक विशेषता, वर्ण विन्यासगत त्रुटि, ह्रस्व दीर्घको प्रयोग, ब, वको प्रयोग, श,  ष र स को प्रयोग, रि, ऋ को प्रयोग, पदयोग पदवियोगको त्रुटि, अजन्तको प्रयोग, हलन्तको प्रयोग, ए र य को प्रयोग, रेफसम्वन्धी त्रुटि, रूपगत त्रुटि, शब्द रचनागत त्रुटि, शब्द प्रयोगगत त्रुटि, पदावलीगत त्रुटि, वाक्य गठनगत त्रुटि, अर्थगत त्रुटि र विविध त्रुटि, विषयवस्तु, भाषिक शैली, शीर्षक प्रयोगगत प्रवृत्तिको आधार निर्धारण गरी विश्लेषण गरिएको छ ।

# अध्याय चार

# व्याख्या तथा विश्लेषण

प्रस्तुत अध्यायमा नमुना सामग्रीका रूपमा आएको तीन वटा (**जनबोली सन्देश, प्रभात समाचार र सिन्धुली सौगात**) समाचारपत्रका १० वटा अङ्कको भाषाको भौतिक पक्षको विश्लेषण गरिएको छ । जसमा संरचना, विषयवस्तु, शीर्षक, शैली, त्रुटिलाई मुख्य रूपमा लिइएको छ । हरेक उपशीर्षकहरूमा उद्देश्यअनुरूपको शृङ्खलामा समाचारको व्याख्या तथा विश्लेषण गरिएको छ जसलाई निम्नानुसार तल प्रस्तुत गरिन्छ :

## ४.१ संरचना

प्रयोगात्मक नेपाली शब्दकोश (अधिकारी, २०६३ : ९५२) का अनुसार- 'कुनै पनि वस्तु निश्चित ढाँचामा संरचित भएको हुन्छ । खासगरी वस्तुको बनोट, आकृति वा बाहिरी आवरण नै संरचना हो ।' समाचारपत्रमा भएका विभिन्न खालका समाचारलाई विविध संरचनामा प्रयोग गरिएको पाइन्छ । अनुसन्धानका लागि लिइएका समाचारपत्रको मुख पृष्ठका १० वटा समाचारको संरचनालाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. १**

| संरचना | समाचारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १२ अनुच्छेद | १ | ४.९१ |
| १९ अनुच्छेद | २ | ७.७९ |
| २३ अनुच्छेद | २ | ९.४३ |
| २५ अनुच्छेद | १ | १०.२५ |
| २८ अनुच्छेद | २ | ११.४८ |
| ३३ अनुच्छेद | १ | १३.५२ |
| ३४ अनुच्छेद | १ | १३.९३ |

| | | |
|---|---|---|
| जम्मा २४४ | १० | १००.०० |
| | | |
| | | |

यी विभिन्न प्रकारको संरचनाबाट के प्रष्ट हुन्छ भने समाचारमा १२ देखि ३४ अनुच्छेदसम्मको समाचार लेखिएको पाइयो । अध्ययनका क्रममा सबैभन्दा बढी २ अनुच्छेद र सबैभन्दा थोरै १ अनुच्छेदसम्मको संरचनामा संरचित समाचार रहेको पाइन्छ । १ अनुच्छेदमा संरचित समाचार ६ (६०%), ३ अनुच्छेदमा संरचित समाचार २ (२०%), ४ अनुच्छेदमा संरचित समाचार २ (२०%) रहेको पाइन्छ । १ अनुच्छेदमा संरचित समाचारको नमुनाका रूपमा २०७० साल फाल्गुन महिनाको समाचारलाई लिन सकिन्छ भने ३ अनुच्छेदमा संरचित समाचारको नमुनाका रूपमा २०७० साल माघ महिनाका समाचार र ४ अनुच्छेदमा संरचित समाचारको नमुनाका लागि २०७० साल फाल्गुन महिनाको समाचारलाई लिन सकिन्छ ।

## ४.२ विषयवस्तु

समाचारपत्रको विषयवस्तुले आम पाठकको मन छुन सकोस् वा ढुकढुकी बन्न सकोस् । समाचारपत्रको १० वटा समाचारमा विभिन्न विषयहरूको प्रयोग गरिएको पाइन्छ ।

उपयुक्त उद्धृत गरिएका समाचारपत्रहरूको भाषाका विषयवस्तुलाई निम्न तालिकामा उल्लेख गर्न सकिन्छ :

**तालिका नं. २**

| **विषयवस्तु** | **समाचारको सङ्ख्या** | **प्रतिशत** |
|---|---|---|
| सांस्कृतिक | २ | २०.०० |
| जनचेतना | ३ | ३०.०० |
| व्यक्तित्व | १ | १०.०० |
| शिक्षा | २ | २०.०० |

| | | |
|---|---|---|
| प्रतिबद्धता | १ | १०.०० |
| राजनीतिक | १ | १०.०० |
| जम्मा | १० | १००.०० |

उक्त तालिकामा समाचारपत्रको भाषामा प्रयुक्त विषयवस्तु विभिन्न ५ विषय क्षेत्रहरूमा समेटिएर लेखिएको भेटिन्छ । त्यसमध्ये सबैभन्दा बढी जनचेतना जगाउने विषयवस्तुमा ३ पटक (३०%) भएको छ भने सबैभन्दा कम राजनीतिक र प्रतिबद्धतामा १-१ पटक (१०%) भएको पाइन्छ । त्यस्तै सांस्कृतिक र शिक्षा सम्वन्धि विषयवस्तुहरूमा २-२ वटाका दरले भएको देखिन्छन् ।

समग्र रूपमा समाचारपत्रमा रहेको भाषालाई विषयवस्तुका आधारमा पहिल्याउँदा सबैभन्दा बढी जनचेतना विषयमा समाचार लेखिएको देखिन्छ भने सबैभन्दा कम व्यक्तित्व र प्रतिबद्धता जस्ता विषयमा कम मात्र समाचार लेखिएको पाइन्छ ।

## ४.३ शैली

शैली भनेको ढङ्ग हो । हिँडाइको ढङ्ग, बसाइको ढङ्ग जस्तै बोलाइको, लेखाइको पनि आ-आफ्नो ढङ्ग हुन्छ । शैलीलाई तरिका वा रीति पनि भनिन्छ । यसरी शैली कुनै विषयलाई प्रस्तुत गर्ने तौरतरिका हो (अधिकारी, २०६७ :२५९) ।

समाचारपत्रमा रहेका १० वटा नेपाली भाषामा विभिन्न किसिमका शैलीहरूको प्रयोग गरिएको पाइन्छ । प्रस्तुत समाचारपत्रको अध्ययनका लागि लिइएको १० वटा समाचारमा प्रयोग भएका शैलीलाई निम्न तालिकामा देखाउन सकिन्छ :

**तालिका नं. ३**

| शैली | समाचारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| अनुरोध | ७ | ७०.०० |
| सूचना | १ | १०.०० |

| | | |
|---|---|---|
| प्रशंसा | १ | १०.०० |
| शुभकामना | १ | १०.०० |
| जम्मा | १० | १००.०० |

उपर्युक्त तालिकानुसार समाचारपत्रको भाषामा अनुरोध जनाउने शैलीको प्रयोग ७ वटामा पाइयो । त्यस्तैगरी सूचना, प्रशंसा र शुभकामनासम्बन्धी शैलीको प्रयोग १-१ वटामा मात्र लेखिएको पाइन्छ ।

यसरी हेर्दा समाचारमा अनुरोध गर्ने शैलीको प्रयोग बढी ७ वटा (७०%) भएको देखिन्छ भने सूचना, शुभकामना र प्रशंसाको शैली कम १-१ वटा (१०%) मा मात्र भएको देखिन्छ ।

## ४.४ शीर्षक

शीर्षकले समाचार वा विचार के विषयको हो भन्ने बारेमा स्पष्ट बताउन सक्नु पर्दछ । शीर्षकले विषयवस्तुप्रति पाठकलाई अभिप्रेरित गर्न सक्नु पर्दछ । समाचारपत्रको भाषामा प्रयुक्त शीर्षकलाई शब्द सङ्ख्याको आधारमा अध्ययन गरिएको छ । यी शीर्षकलाई निम्न तालिकामा प्रस्तुत गर्न सकिन्छ :

**तालिका नं. ४**

| शब्द सङ्ख्या | समाचारको सङ्ख्या | प्रतिशत |
|---|---|---|
| २ | ७ | १०.७७ |
| ३ | ११ | १६.९२ |
| ४ | १२ | १८.४६ |
| ५ | ८ | १२.३१ |
| ६ | ८ | १२.३१ |

| | | |
|---|---|---|
| ७ | ५ | ७.६९ |
| ८ | ३ | ४.६२ |
| ९ | २ | ३.०८ |
| ११ | २ | ३.०८ |
| १२ | २ | ३.०८ |
| १३ | ३ | ४.६२ |
| १५ | २ | ३.०८ |
| जम्मा | ६५ | १००.०० |

माथिको तालिकालाई अध्ययन गर्दा समाचारपत्रको अध्ययनमा २ देखि १५ शब्दसम्मका शीर्षकहरू प्रयोग भएका पाइन्छन् । जसमा २ शब्द प्रयोग भएका शीर्षक ७ (७0%), ३ शब्द प्रयोग भएका शीर्षक ११ (५०%), ४ शब्द प्रयोग भएका शीर्षक १२ (१०%), ५ शब्द प्रयोग भएका शीर्षक ८ (८०%),६ शब्द प्रयोग भएका शीर्षक ८, ७ शब्द प्रयोग भएका शीर्षक ५, ८ शब्द प्रयोग भएका शीर्षक ३, ९ शब्द प्रयोग भएका शीर्षक २, ११ शब्द प्रयोग भएका शीर्षक २, १२ शब्द प्रयोग भएका शीर्षक २, १३ शब्द प्रयोग भएका शीर्षक ३, १५ शब्द प्रयोग भएका शीर्षक २ वटा रहेका पाइन्छ ।

उक्त तालिकालाई हेर्दा ४ शब्द प्रयोग गरिएका शीर्षकहरू बढी आवृत्त (१२पटक) भएका देखिन्छन् । त्यस्तै २ शब्द प्रयोग भएका शीर्षकहरू ७ पटक, ४ शब्द प्रयोग भएका शीर्षक १२, ५ शब्द प्रयोग भएका शीर्षक ८, ६ शब्द प्रयोग भएका शीर्षक ८, ७ शब्द प्रयोग भएका शीर्षक ५, ८ र १३ शब्द प्रयोग भएका शीर्षक ३, र ९, ११, १२, १५ शब्द प्रयोग भएका शीर्षकहरू २ पटक आवृत्ति भएका देखिन्छन् ।

## ४.५ समाचारपत्रको भाषिक त्रुटि

भाषाको प्रयोगका क्रममा व्यक्तिहरूले गरेका त्रुटिहरूको अध्ययनबाट उसको त्यस क्षेत्रमा कत्तिको ज्ञान छ भन्ने कुरा अनुमान गर्न सकिन्छ । कुनै व्यक्तिले गरेका त्रुटिको प्रकृति हेरेर के कस्ता त्रुटिहरू गर्दछन् र त्यस्ता त्रुटि के कति कारणले गर्दा भएका हुन्छन् भन्ने कुराको पत्ता लगाउन सकिन्छ । त्रुटि हुन सक्ने भाषाका क्षेत्रहरू नै त्रुटिका क्षेत्रहरू नै त्रुटिका क्षेत्रहरू हुन् । यस्ता त्रुटिका क्षेत्रहरूलाई मोटामोटी रूपले निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### ४.५.१ ब, व, पदयोग-पदवियोग, हलन्त र न, ञसम्बन्धी त्रुटि

नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । शब्दहरू जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरू छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । तत्सम शब्दमा च, छ, ज, झ वर्णभन्दा अगि ञ र तत्सम शब्दमा त, थ, द, ध वर्णभन्दा अगि न लेखिन्छ । अझ स्पष्ट हुनका लागि तलको तालिका नं. ५ मा हेर्न सकिन्छ :

**तालिका नं. ५**

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | फाल्गुण | फाल्गुन |
| २ | बदिर्वास | बर्दिबास |
| ३ | मोवाइल | मोबायल |
| ४ | मर्मतसम्भार | मर्मत सम्भार |
| ५ | पणाली | प्रणाली |

| | | |
|---|---|---|
| ६ | सिन्धुलीवजार | सिन्धुली बजार |
| ७ | दलहरु | दलहरू |
| ८ | बाँकि | बाँकी |
| ९ | खठगबहादुर वाईव | खड्गबहादुर वाइवा |
| १० | केन्द्रिय | केन्द्रीय |
| ११ | शुभकामन | शुभकामना |
| १२ | संस्थाद्धारा | संस्थाद्वारा |
| १३ | सञ्चालीत | सञ्चालित |
| १४ | सामुदायीक | सामुदायिक |
| १५ | मनोरन्जन | मनोरञ्जन |
| १६ | सम्झनुहोस | सम्झनुहोस् |

(जनबोली सन्देश, २०७० फाल्गुन १०)

माथिको तालिकाअनुसार अध्ययनका लागि छनोट गरिएका समाचारमा ब, व, पदयोग-पदवियोग, हलन्त र न, ञ का त्रुटिहरुको प्रयोग बढी मात्रामा देख्न सकिन्छ । जस्तै : बदिर्वास (बर्दिबास), मर्मतसम्भारका (मर्मत सम्भारका), पणाली (प्रणाली), बाँकि (बाँकी), केन्द्रिय (केन्द्रीय), सस्थाद्धारा (संस्थाद्वारा) र सम्झनुहोस (सम्झनुहोस्) । अन्य उदाहरणको लागि माथिको तालिका नं. १ हेर्न सकिन्छ ।

## ४.५.२ श, ष, स, ब, व, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, हलन्तसम्बन्धी त्रुटि

ऋ, च, र, ल, विसर्ग, श, ष, सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ । नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । ह्रस्व हुनुपर्नेमा दीर्घ र दीर्घ हुनुपर्नेमा ह्रस्व

प्रस्तुत समाचारहरूमा लेखिएको पाइन्छ । शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा स्पष्ट हुनको लागि तलको तालिका हेर्न सकिन्छ :

## तालिका नं. ६

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | निश्कर्ष | निष्कर्ष |
| २ | पत्रकारहरु | पत्रकारहरू |
| ३ | पाउँछन | पाउछन् |
| ४ | बूढाहरु | बुढाहरू |
| ५ | प्रनिधिमण्डल | प्रतिनिधि मण्डल |
| ६ | बिदाई | बिदाइ |
| ७ | छन | छन् |
| ८ | लागी | लागि |
| ९ | जना सम्म | जनासम्म |
| १० | सिजन अनुसार | सिजनअनुसार |
| ११ | काठमाण्डौ | काठमाडौं |
| १२ | अध्यक्ष मध्ये | अध्यक्षमध्ये |
| १३ | पूरानो | पुरानो |
| १४ | तिहाई | तिहाइ |
| १५ | गरको | गरेको |
| १६ | सम्पुर्ण | सम्पूर्ण |
| १७ | डाक्टरहरुवाट | डाक्टरहरूबाट |

| | | |
|---|---|---|
| १८ | वजे सम्म | बजेसम्म |
| १९ | वेलुका | बेलुका |
| २० | विदा | बिदा |
| २१ | विहान | बिहान |
| २२ | वजे | बजे |
| २३ | वजे पछि | बजेपछि |
| २४ | विहान देखि | बिहानदेखि |
| २५ | वेलुका सम्म | बेलुकासम्म |
| २६ | पुर्जा अनुसार | पुर्जाअनुसार |
| २७ | विक्रि | विक्री |

(सिन्धुली सौगात, २०७० फाल्गुन १९)

उपर्युक्त तालिकाबाट के स्पष्ट हुन्छ भने श, ष, स, ब, व, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, हलन्तको त्रुटिहरुको प्रयोग बढी गरिएको स्पष्ट हुन्छ । जस्तै : निश्कर्ष (निष्कर्ष), पाउछन (पाउँछन्), बिदाई (बिदाइ), लागी (लागि), सिजन अनुसार (सिजनअनुसार), पूरानो (पुरानो), सम्पुर्ण (सम्पूर्ण) र विहान देखि (बिहानदेखि) । विशेष अध्ययनको लागि तालिका नं. ६ मा हेर्न सकिन्छ ।

### ४.५.३ ब, व, श, ष, स, ह्रस्व-दीर्घ, पदयोग-पदवियोगसम्बन्धी त्रुटि

नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । ऋ, च, र, ल, विसर्ग, शभन्दा, षभन्दा सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ । सुरु, बीच र अन्त्यमा ह्रस्व, दीर्घ हुने शब्दहरूमा बेवास्ता गरिएको पाइन्छ । शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु

छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा स्पष्ट हुनको लागि तलको तालिका हेर्न सकिन्छ :

**तालिका नं. ७**

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | बिकास | विकास |
| २ | बिज्ञान | विज्ञान |
| ३ | प्रबिधि | प्रविधि |
| ४ | बाताबरण | वातावरण |
| ५ | सचिब | सचिव |
| ६ | बिषय | विषय |
| ७ | जलबायु | जलवायु |
| ८ | अनुकुलन | अनुकूलन |
| ९ | स्तरिय | स्तरीय |
| १० | तालीम | तालिम |
| ११ | राजनितिक | राजनीतिक |
| १२ | नागरीक | नागरिक |
| १३ | निकायहरु | निकायहरू |
| १४ | सम्बन्धि | सम्बन्धी |
| १५ | प्रतिनीधीहरु | प्रतिनिधिहरू |
| १६ | सिन्धूली | सिन्धुली |
| १७ | ब्यक्त | व्यक्त |
| १८ | सम्भाबित | सम्भावित |
| १९ | उपसचिब | उपसचिव |
| २० | उपरिक्षक | उपरीक्षक |
| २१ | सामुहीक | सामूहिक |

| | | |
|---|---|---|
| २२ | गाबिस | गाविस |
| २३ | संचालन | सञ्चालन |
| २४ | एब | एवम् |
| २५ | मानशिक | मानसिक |
| २६ | विद्यार्थीहरु | विद्यार्थीहरू |
| २७ | कमि | कमी |
| २८ | लागी | लागि |
| २९ | टीभी | टि.भि |
| ३० | हरुवाट | हरूबाट |
| ३१ | वजे सम्म | बजेसम्म |
| ३२ | वेलुका | बेलुका |
| ३३ | विदा | बिदा |
| ३४ | विहान | बिहान |
| ३५ | वजे | बजे |
| ३६ | वजे पछि | बजेपछि |
| ३७ | विहान देखि | बिहानदेखि |
| ३८ | वेलुका सम्म | बेलुकासम्म |
| ३९ | सेवाहरु | सेवाहरू |
| ४० | लगाईनु | लगाइनु |
| ४१ | पुर्जा अनुसार | पुर्जाअनुसार |
| ४२ | काम्ग्रेश | काङ्ग्रेस |
| ४३ | परेपनि | परे पनि |
| ४४ | निर्कयोल | निर्क्योल |
| ४५ | काठमाण्डौ | काठमाडौं |
| ४६ | बालवालिकाहरु | बालबालिकाहरू |

| | | |
|---|---|---|
| ४७ | परीवार | परिवार |
| ४८ | जिबन | जीवन |
| ४९ | खेति | खेती |
| ५० | गरीरहेका | गरिरहेका |
| ५१ | सामाग्रीहरु | सामग्रीहरू |
| ५२ | उपलव्ध | उपलब्ध |

(सिन्धुली सौगात, २०७० माघ २७)

माथिको छनोट गरिएको समाचारमा देखिएको त्रुटिहरुको अध्ययनबाट के स्पष्ट हुन्छ भने ब, व, श, ष, स, ह्रस्व-दीर्घ, पदयोग-पदवियोगसम्बन्धी बढी गरिएको पाइन्छ । जस्तैं : बिकास (विकास), बिज्ञान (विज्ञान), अनुकुलन (अनुकूलन), स्तरिय (स्तरीय), राजनितिक (राजनीतिक), सम्बन्धि (सम्बन्धी), सिन्धूली (सिन्धुली), एब (एवम्), मानशिक (मानसिक) र पुर्जा अनुसार (पुर्जाअनुसार) आदि । थप जानकारीको लागि माथिको तालिकाबाट अध्ययन गर्न सकिन्छ ।

## ४.५.४ ह्रस्व-दीर्घ, ब, व, श, ष, स, पदयोग-पदवियोग र हलन्तसम्बन्धी त्रुटि

अध्ययनका लागि छनोट गरिएको समाचारमा प्रस्तुत ह्रस्व, दीर्घको लेखनले अर्थको अनर्थ भएको पाइन्छ । सुरु, बीच र अन्त्यमा ह्रस्व हुनुपर्नेमा दीर्घ र दीर्घ हुनुपर्नेमा ह्रस्व त्रुटि लेखिएको प्रसस्तै अध्ययन गर्न सकिन्छ । नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । ऋ, च, र, ल, विसर्ग, शभन्दा, षभन्दा सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ । शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त

लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा स्पष्ट हुनको लागि तलको तालिका हेर्न सकिन्छ :

**तालिका नं.८**

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | भई | भइ |
| २ | दावि | दावी |
| ३ | पिडित | पीडित |
| ४ | अगाडी | अगाडि |
| ५ | पुर्ण रुपमा | पूर्ण रूपमा |
| ६ | गराईयको | गराइएको |
| ७ | विच | बीच |
| ८ | सफल्ता | सफलता |
| ९ | रोडम्याप अनुसार | रोडम्यापअनुसार |
| १० | छन | छन् |
| ११ | शुरु | सुरू |
| १२ | टोली मध्ये | टोलीमध्ये |
| १३ | अन्या | अन्य |
| १४ | शकुसल | सकुशल |
| १५ | करीब | करिव |
| १६ | बुझाईयको | बुझाइएको |
| १७ | निर्देसनालयद्धारा | निर्देशनालयद्वारा |
| १८ | युवाहरु | युवाहरू |
| १९ | भनाई | भनाइ |
| २० | परिक्षा | परीक्षा |
| २१ | अनुभवि | अनुभवी |

| | | |
|---|---|---|
| २२ | प्रध्यापकहरुद्धारा | प्रध्यापकहरूद्वारा |
| २३ | गईरहेको | गइरहेको |
| २४ | ईच्छुक | इच्छुक |
| २५ | स्वाथ्य | स्वास्थ्य |
| २६ | गते देखि | गतेदेखि |
| २७ | सम्पकै | सम्पर्क |
| २८ | भईरहेछ | भइरहेछ |
| २९ | सवै | सबै |
| ३० | सुचना | सूचना |
| ३१ | आर्थीक | आर्थिक |
| ३२ | कार्यक्रम अनुसार | कार्यक्रमअनुसार |
| ३३ | आधारभुत | आधारभूत |
| ३४ | द्धन्धपिडित | द्वन्द्वपीडित |
| ३५ | प्रमात्रपत्र | प्रमाणपत्र |
| ३६ | सुचित | सूचित |
| ३७ | न्युनतम | न्यूनतम |
| ३८ | दिशा | दिसा |

(प्रभात समाचार, २०७० फाल्गुन १७)

माथिको प्रस्तुत तालिका अन्तर्गत सबैभन्दा बढी त्रुटिहरु ह्रस्व-दीर्घ, ब,व, श,ष,स, पदयोग-पदवियोग र हलन्तको प्रयोग गरिएको पाइन्छ । जस्तै : भई (भइ), पिडित (पीडित), अगाडी (अगाडि), पुर्ण (पूर्ण), विच (बीच), सफल्ता (सफलता), रोडम्याप अनुसार (रोडम्यापअनुसार), छन (छन्) र  दिशा (दिसा) आदि । अन्य उदाहरणका माथिको लागि तालिका नं. ८ मा हेर्न सकिन्छ ।

## ४.५.५ ह्रस्व-दीर्घ र श, ष, ससम्बन्धी त्रुटि

प्रस्तुत समाचारमा प्रयोग गरिएका नेपाली वर्णविन्यासगत त्रुटिहरूमा ह्रस्व दीर्घसम्बन्धी त्रुटि बढी गरिएको पाइन्छ । वर्णविन्यासको व्यवस्थित क्रमले मात्र समाचारलाई मिठास

ल्याउछ । ऋ, च, र, ल, विसर्ग, शभन्दा, षभन्दा सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ तर उक्त समाचारमा प्रयोग भएको पाइदैन ।

**तालिका नं.९**

| क्र.स. | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | सम्वत | सम्वत् |
| २ | युनिय | युनियन |
| ३ | अधिबेसन | अधिवेशन |
| ४ | आईतवार | आइतबार |
| ५ | सर्वसमिती | सर्वसमिति |
| ६ | पुर्व | पूर्व |
| ७ | केद्रिय | केन्द्रिय |
| ८ | उपाध्यक्षहरु | उपाध्यक्षहरू |
| ९ | प्रतिनिधी | प्रतिनिधि |
| १० | छन | छन् |
| ११ | गर्छन | गर्छन् |
| १२ | बताउछन | बताउछन् |
| १३ | सङ्ख्या | सङ्ख्या |
| १४ | भातर | भारत |
| १५ | नपुदै | नपुग्दै |
| १६ | डुगा | डुङ्गा |
| १७ | विहान | बिहान |
| १८ | खरानीपानि | खरानी पानी |
| १९ | बरपरसधै | वरपर सधै |

| | | |
|---|---|---|
| २० | परिक्षा | परीक्षा |
| २१ | अनुभवि | अनुभवी |
| २२ | प्रध्यापकहरुद्धारा | प्रध्यापकहरूद्वारा |
| २३ | गईरहेको | गइरहेको |
| २४ | ईच्छुक | इच्छुक |
| २५ | स्वाथ्य | स्वास्थ्य |
| २६ | गते देखि | गतेदेखि |
| २७ | सम्पर्कै | सम्पर्क |
| २८ | भईरहेछ | भइरहेछ |
| २९ | सवै | सबै |

(प्रभात समाचार, २०७० फाल्गुन १९

उल्लेखित माथिको तालिकाअनुसार सबैभन्दा बढी त्रुटिहरु ह्रस्व-दीर्घ सम्बन्धी गरेको पाइन्छ भने श,ष,स को प्रयोग कम मात्रामा भएको देखिन्छ । जस्तैं : सम्बत (सम्वत्), आईतवार (आइतबार), पुर्व (पूर्व), छन (छन्), गते देखि (गतेदेखि), केन्द्रिय (केन्द्रीय) र अधिवेसन (अधिवेशन) आदि ।

## ४.५.६ ह्रस्व-दीर्घ, हलन्त, ब, व, श, ष, ससम्बन्धी त्रुटि

समाचारमा प्रस्तुत ह्रस्व, दीर्घको लेखनले अर्थको अनर्थ भएको पाइन्छ । सुरु, बीच र अन्त्यमा ह्रस्व हुनुपर्नेमा दीर्घ र दीर्घ हुनुपर्नेमा ह्रस्व त्रुटि लेखिएको प्रसस्तै अध्ययन गर्न सकिन्छ । त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । ऋ, च, र, ल, विसर्ग, शभन्दा, षभन्दा सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची

शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा स्पष्ट हुनको लागि तलको तालिका हेर्न सकिन्छ :

## तालिका नं. १०

| क.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | मनाईयो | मनाइयो |
| २ | दूध | दुध |
| ३ | छन | छन् |
| ४ | मान्दीन | मान्दिन |
| ५ | हून | हुन् |
| ६ | भईसकेको | भइसकेको |
| ७ | ब्यक्ति | व्यक्ति |
| ८ | ब्यक्ती | व्यक्ति |
| ९ | सक्दैनु | सक्दिन |
| १० | रुप | रूप |
| ११ | दृष्टीकोण | दृष्टिकोण |
| १२ | ब्यक्त | व्यक्त |
| १३ | सर्वोच्चद्धारा | सर्वोच्चद्वारा |
| १४ | सुनाईएका | सुनाइएका |
| १५ | परिक्षण | परीक्षण |
| १६ | केन्द्रहरु | केन्द्रहरू |
| १७ | दिशा | दिसा |
| १८ | परिक्षा | परीक्षा |
| १९ | अनुभवि | अनुभवी |
| २० | प्रध्यापकहरुद्धारा | प्रध्यापकहरूद्वारा |

| | | |
|---|---|---|
| २१ | गईरहेको | गइरहेको |
| २२ | ईच्छुक | इच्छुक |
| २३ | स्वाथ्य | स्वास्थ्य |
| २४ | गते देखि | गतेदेखि |
| २५ | सम्पकै | सम्पर्क |
| २६ | भईरहेछ | भइरहेछ |
| २७ | सवै | सबै |
| २८ | जनप्रतिनिधी | जनप्रतिनिधि |
| २९ | भनाई | भनाइ |
| ३० | सुचना | सूचना |
| ३१ | आर्थीक | आर्थिक |
| ३२ | कार्यक्रम अनुसार | कार्यक्रमअनुसार |
| ३३ | आधारभुत | आधारभूत |
| ३४ | द्वन्द्धपिडित | द्वन्द्वपीडित |
| ३५ | प्रमात्रपत्र | प्रमाणपत्र |
| ३६ | सुचीत | सूचित |

(प्रभात समाचार, २०७० फाल्गुन १६)

माथिको तालिकाअनुसार प्रस्तुत गरिएको समाचारमा सबैभन्दा बढी ह्रस्व-दीर्घ, हलन्त, ब, व, श, ष, स को प्रयोग गरिएको स्पष्टसँग तालिकामा हेर्न सकिन्छ । जस्तैं : दूध (दुध), मान्दीन (मान्दिन), भईसकेको (भइसकेको), ब्यक्ति (व्यक्ति), व्यक्ती (व्यक्ति), दृष्टीकोण (दृष्टिकोण), सर्वोच्चद्धारा (सर्वोच्चद्वारा), दिशा (दिसा), आर्थीक (आर्थिक), आधारभुत (आधारभूत) र प्रमात्रपत्र (प्रमाण पत्र) । माथिको तालिकाबाट अझ स्पष्ट हुन सकिन्छ ।

### ४.५.७ हलन्त, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग र ब, वसम्बन्धी त्रुटि

त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । समाचारमा प्रस्तुत ह्रस्व, दीर्घको लेखनले अर्थको अनर्थ भएको पाइन्छ । सुरु, बीच र अन्त्यमा ह्रस्व हुनुपर्नेमा दीर्घ र दीर्घ हुनुपर्नेमा ह्रस्व त्रुटि लेखिएको प्रसस्तै अध्ययन गर्न सकिन्छ । नाम र विभक्ति, नाम र नामयोगी, शब्दको उपसर्ग, शब्दमा लागेको प्रत्यय, समस्त शब्द, द्वित्व शब्द, अनुकरणात्मक शब्दलाई जोडेर लेखिन्छ । नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । ऋ, च, र, ल, विसर्ग, शभन्दा, षभन्दा सभन्दा तत्सम शब्दमा श लेखिन्छ । क, ट, ठ, ड, ढ, ण, प वर्णका अगि ष लेखिन्छ । षट् जोडिएर बनेका शब्दमा र स्वरवर्णको लगत्तैपछि ष लेखिन्छ । अङ्कवाची शब्दमा, स, सत्, सम्, सह, सु, स्व उपसर्ग लागेका शब्दमा, शब्दका बीचमा प्राय, तत्सम शब्दमा स लेखिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा स्पष्ट हुनको लागि तलको तालिका नं. ११ मा हेर्न सकिन्छ :

**तालिका नं. ११**

| क.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | अंक | अङ्क |
| २ | सम्वत | सम्वत् |
| ३ | राष्ट्रपतिद्बारा | राष्ट्रपतिद्वारा |
| ४ | छन | छन् |
| ५ | निश्चितप्रायः | निश्चित प्राय : |
| ६ | हुन्छन | हुन्छन् |
| ७ | समयसीमासहितको | समय सीमा सहितको |
| ८ | कार्यब्यवस्था | कार्य व्यवस्था |
| ९ | गर्नेछन | गर्नेछन् |
| १० | भई | भइ |

| | | |
|---|---|---|
| ११ | आगामि | आगामी |
| १२ | दावी | दाबी |
| १३ | रिपोर्टर्स | रिपोर्टस |
| १४ | होईन | होइन |
| १५ | ब्यवस्था | व्यवस्था |
| १६ | भईसकेको | भइसकेको |
| १७ | नेताहरु | नेताहरू |
| १८ | ढुङगाना | ढुङ्गाना |
| १९ | उठाँउदा | उठाउदा |
| २० | उनीहरु | उनीहरू |
| २१ | निर्बाचनलागि | निर्वाचनकालागि |
| २२ | काम्ग्रेसमिलेर | काङ्ग्रेस मिलेर |
| २३ | अरु | अरू |
| २४ | ब्यक्ति | व्यक्ति |
| २५ | विताईसकेको | विताइसकेको |
| २६ | ब्यवस्था अनुसार | व्यवस्थाअनुसार |
| २७ | सोभा | शोभा |
| २८ | ब्यक्त | व्यक्त |
| २९ | दलहरु | दलहरू |
| ३० | विघठन | विघटन |
| ३१ | ब्यवहार | व्यवहार |
| ३२ | निक्यौंल | निर्क्योल |
| ३३ | भईहाल्ने | भइहाल्ने |
| ३४ | पार्टि भित्र | पार्टीभित्र |
| ३५ | ब्यक्तिवीच | व्यक्तिबीच |

| | | |
|---|---|---|
| ३६ | भईहाल्नु | भइहाल्नु |
| ३७ | होईन | होइन |
| ३८ | रुपमा | रूपमा |
| ३९ | हामिहरु | हामीहरू |
| ४० | नयाा | नयाँ |
| ४१ | उपयूक्त | उपयुक्त |
| ४२ | भईरहेको | भइरहेको |
| ४३ | चीरशान्ति | चिरशान्ती |

(प्रभात समाचार, २०७० माघ २१ गते)

उपर्युक्त तालिकाको अध्ययनबाट हलन्त, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग र ब,व जस्ता भाषिक त्रुटिहरूको समाचारमा गरिएको पाइन्छ । जस्तै : सम्बत (सम्वत्), छन (छन्), होईन (होइन), ब्यवस्था (व्यवस्था), नेताहरु (नेताहरू), विघठन (विघटन), ब्यक्तिवीच (व्यक्तिबीच), हामिहरु (हामीहरू) र नयाा (नयाँ) आदि शब्दहरू रहेको देखिन्छ । अन्य त्रुटिहरुका लागि माथिको तालिका नं.११ मा हेर्न सकिन्छ ।

## ४.५.८ हलन्त, ह्रस्व-दीर्घ, श, ष, स, ब, वसम्बन्धी त्रुटि

हलन्तको प्रयोगसम्बन्धी नियममा वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ भने कतिपय शब्द उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा त आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । ह्रस्व इकार (बाइमात्रा) र ह्रस्व उकार (तल्कुरे) सुरु, बीच र अन्त्यमा ह्रस्व हुने शब्दहरू दीर्घ इकार (दाहिना) र दीर्घ उकार (बर्धने) सुरु, बीच र अन्त्यका दीर्घ हुने शब्दहरू बढी रहेको देखिन्छ । विसर्ग लागेका शब्द, शभन्दा पहिले, षभन्दा पहिले, सभन्दा पहिले र तत्सम शब्दको सुरु, बीच र अन्त्यमा श लेखिन्छ । तत्सम शब्दको सुरु, बीच र अन्त्यमा ष लेखिन्छ । तत्सम शब्द, अङ्कवाची शब्द, संस्कृतबाट रूप फेरिएका तद्भव शब्द, अन्य भाषाबाट आएका आगन्तुक शब्दको सुरु, बीच र अन्त्यमा स लेखिन्छ । बोल्दा र लेख्दा दुवै ब हुने शब्दहरू, बोल्दा र लेख्दा दुवै व हुने शब्दहरू,

बोल्दा ब लेख्दा व हुने शब्दहरूको सुरु, बीच र अन्त्यमा ब र व लेखिन्छ । उक्त नियमअनुसार लेखिएको पाइदैन । अध्ययनको लागि तलको तालिका हेर्न सकिन्छ :

## तालिका नं. १२

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | अंग | अङ्क |
| २ | अर्थात | अर्थात् |
| ३ | पन्ती | पत्नी |
| ४ | निर्वाचीन | निर्वाचित |
| ५ | गरेनन | गरेनन् |
| ६ | विवाहीत | विवाहित |
| ७ | बस्दैनन | बस्दैनन् |
| ८ | सांसारीक | सांसारिक |
| ९ | भनीएका | भनिएका |
| १० | सन | सन् |
| ११ | अमेरीकी | अमेरिकी |
| १२ | पंचायत | पञ्चायत |
| १३ | स्थानिय | स्थानीय |
| १४ | बार्ता वाट | बार्ताबाट |
| १५ | एभरेस्ट | एभरेष्ट |
| १६ | हर्सपिटल | हस्पिटल |
| १७ | बहिस्कार | बहिष्कार |
| १८ | राम्रो | राम्रो |
| १९ | छेडेका | छोडेका |
| २० | कर्मति | कम्ती |
| २१ | उपलब्धी | उपलब्धि |

| | | |
|---|---|---|
| २२ | सम्वन्धन | सम्बन्धन |
| २३ | तलव | तलब |
| २४ | बाँकि | बाँकी |
| २५ | संस्थाद्धारा | संस्थाद्वारा |
| २६ | सञ्चालीत | सञ्चालित |
| २७ | सामुदायीक | सामुदायिक |
| २८ | मनोरन्जन | मनोरञ्जन |
| २९ | सम्झनुहोस | सम्झनुहोस् |

(जनबोली सन्देश, २०७० फाल्गुन ३ गते)

प्रस्तुतमाथिको तालिकाबाट के प्रस्ट हुन्छ भने अर्थात (अर्थात्), पन्नी (पत्नी), निर्वाचीन (निर्वाचित), गरेनन (गरेनन्), विवाहीत (विवाहित), भनीएका (भनिएका), सन (सन्), बार्तावाट (वार्ताबाट), एभरेस्ट (एभरेष्ट), हसपिटल (हस्पिटल), राम्रो (राम्रो), कमतिमा (कम्तीमा) र बाँकि (बाँकी) जस्ता हलन्त, ह्रस्व-दीर्घ, श,ष,स, ब,व को त्रुटिहरू बढी मात्रामा गरिएको पाइन्छ ।

## ४.५.९ ब, व, पदयोग-पदवियोग, ह्रस्व-दीर्घ, हलन्तसम्बन्धी त्रुटि

नाम, विशेषण, अव्यय शब्दमा ब लेखिन्छ । द, ध, लका अगि ब लेखिन्छ । केही अव्यय, नाम, तत्सम, आगन्तुक, अनुकरणात्मक र संयुक्ताक्षर शब्दमा व लेखिन्छ । सं उपसर्गका पछि व लेखिन्छ । शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ । अध्ययनका लागि छनोट गरिएको समाचारमा प्रस्तुत ह्रस्व, दीर्घको लेखनले अर्थको अनर्थ भएको पाइन्छ । सुरु, बीच र अन्त्यमा ह्रस्व हुनुपर्नेमा दीर्घ र दीर्घ हुनुपर्नेमा ह्रस्व त्रुटि लेखिएको प्रसस्तै अध्ययन गर्न सकिन्छ । त्यस्तै वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा द, म, त, आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । प्रस्तुत अध्ययनका लागि छनोट गरिएको समाचारमा उपयुक्तमाथिको नियमलाई अनुसरण गरेको पाइदैन अझ स्पष्ट हुनको लागि तलको तालिका हेर्न सकिन्छ :

## तालिका नं. १३

| क.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | वारे | बारे |
| २ | विष | विषय |
| ३ | विबाद | विवाद |
| ४ | वर्ष भित्रै | वर्षभित्रै |
| ५ | टुङगीन्छ | टुङ्गिन्छ |
| ६ | गर्नेवित्तिकै | गर्ने वित्तिकै |
| ७ | आइपुग्नुभयो | आइपुग्नु भयो |
| ८ | आइपुग्नुभएका | आइपुग्नु भएका |
| ९ | चोरहरु | चोरहरू |
| १० | पुर्याए पछि | पुऱ्याएपछि |
| ११ | हुन | हुन् |
| १२ | गाहरो | गाऱ्हो |
| १३ | प्रतिबदता | प्रतिबद्धता |
| १४ | गुणस्तरयता | गुणस्तरीयता |
| १५ | व्यवस्थापन का | व्यवस्थापनका |

(जनबोली सन्देश, २०७० फाल्गुन २० गते)

माथिको तालिकामा देखाइएअनुसार ब, व, पदयोग-पदवियोग, ह्रस्व-दीर्घ, हलन्तका त्रटिहरू बढी गरिएको पाइन्छ । जसमध्ये सबैभन्दा बढी त्रटिहरु पदयोग-पदवियोगका समाचारमा लेखिएका त्रुटिका प्रयोगलाई लिन सकिन्छ ।

## ४.५.१० ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, हलन्त, ब, व, य, ए, श, ष, स रेफसम्बन्धी त्रुटि

ह्रस्व इकार (बाइमात्रा) र ह्रस्व उकार (तल्कुरे) सुरु, बीच र अन्त्यमा ह्रस्व हुने शब्दहरू दीर्घ इकार (दाहिना) र दीर्घ उकार (बर्धने) सुरु, बीच र अन्त्यका दीर्घ हुने शब्दहरू बढी रहेको देखिन्छ । शब्दहरु जोडेर एउटै डिकमा लेख्नुलाई पदयोग भनिन्छ भने शब्दहरु छुट्याएर लेख्नुलाई पदवियोग भनिन्छ तर पदयोग हुनुपर्नेमा पदवियोग र पदवियोग हुनुपर्नेमा पदयोग गरिएर लेखिएको छनोट भएका समाचारमा पाइन्छ । यो, त्यो सर्वनाम र तिनबाट बनेका शब्दमा य लेखिन्छ । भूतकालीन क्रियामा, तत्सम शब्दमा, केही व्युत्पन्न र आगन्तुक शब्दमा य लेखिन्छ । सङ्ख्या बुझाउने, एक जोडिएर, एको, एर जोडिएर, सामान्य र अज्ञात भूतकालीन क्रियामा, इच्छार्थक क्रियामा, तत्सम शब्दमा ए लेखिन्छ । हलन्तको प्रयोगसम्बन्धी नियममा वत्, मान्, वान् प्रत्यय लागेर बनेका तत्सम शब्दमा उच्चारणअनुसार नै हलन्त लेखिन्छ भने कतिपय शब्द उच्चारणअनुसार नै हलन्त लेखिन्छ । अन्त्यमा त आउने केही तत्सम शब्द हलन्त लेखिन्छ । विसर्ग लागेका शब्द, शभन्दा पहिले, षभन्दा पहिले, सभन्दा पहिले र तत्सम शब्दको सुरु, बीच र अन्त्यमा श लेखिन्छ । तत्सम शब्दको सुरु, बीच र अन्त्यमा ष लेखिन्छ । तत्सम शब्द, अङ्कवाची शब्द, संस्कृतबाट रूप फेरिएका तद्भव शब्द, अन्य भाषाबाट आएका आगन्तुक शब्दको सुरु, बीच र अन्त्यमा स लेखिन्छ । बोल्दा र लेख्दा दुवै ब हुने शब्दहरू, बोल्दा र लेख्दा दुवै व हुने शब्दहरू, बोल्दा ब लेख्दा व हुने शब्दहरूको सुरु, बीच र अन्त्यमा ब र व लेखिन्छ । त्यस्तै लेख्य भाषामा रेफ दिने क्रममा विविध प्रयोग अपनाइने हुदा यस्तो त्रुटि गरेको पाइन्छ । उक्त अखवारलाई नियमअनुसार लेखिएको पाइदैन । अध्ययनको लागि तलको तालिका हेर्न सकिन्छ :

**तालिका नं. १४**

| क्र.स | त्रुटि भएको वाक्य | त्रुटि सुधारिएको वाक्य |
|---|---|---|
| १ | संस्थाहरु | संस्थाहरू |
| २ | विश्वासनियता | विश्वसनीयता |

| | | |
|---|---|---|
| ३ | वचत | बचत |
| ४ | कोईराला | कोइराला |
| ५ | लगाएतका | लगायतका |
| ६ | जरीवुटी | जडीबुटी |
| ७ | कृष्णहरी | कृष्णहरि |
| ८ | रानिवास | रानीवास |
| ९ | सिविर | शिविर |
| १० | विरामीहरु | विमारीहरू |
| ११ | शाहद्धारा | शाहद्वारा |
| १२ | स्वास्थय | स्वास्थ्य |
| १३ | कविराज सरोजप्रसाद | कविराज, सरोजप्रसाद |
| १४ | मसान्त सम्म | मसान्तसम्म |
| १५ | मसान्त भित्र | मसान्तभित्र |
| १६ | छन | छन् |
| १७ | गरियोस | गरियोस् |
| १८ | सिमा | सीमा |
| १९ | आशंकानगर्न | आशङ्का नगर्न |
| २० | सत्याता | सत्यता |
| २१ | ब्यक्ति | व्यक्ति |
| २२ | संविधानअनुसार | संविधानअनुसार |
| २३ | संसोधन अनुसार | संसोधनअनुसार |
| २४ | पादै | पार्दै |
| २५ | ब्यक्त | व्यक्त |
| २६ | ब्यवस्था | व्यवस्था |
| २७ | प्रमाणिकरण | प्रमाणीकरण |

| | | |
|---|---|---|
| २८ | पत्रकारीता | पत्रकारिता |
| २९ | धर्म प्रति | धर्मप्रति |
| ३० | पेश | पेस |

(सिन्धुली सौगात, २०७० फाल्गुन २०)

माथिको तालिकाअनुसार अध्ययनका लागि छनोट गरिएका समाचारमा ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, हलन्त, ब, व, य, ए, श, ष, स मा प्रयोग गरिएका त्रुटिहरु बढी लेखिएको पाइन्छ । जस्तैं : वचत (बचत), कोईराला (कोइराला), लगाएत (लगायत), सिविर (शिविर), मसान्त भित्र (मसान्तभित्र), छन (छन्), सिमा (सीमा), ब्यक्ति (व्यक्ति) र पेश (पेस) आदि माथिको तालिकाबाट स्पष्ट हुन सकिन्छ ।

## ४.६ सारांश

समाचारपत्रमा लेखनको सिद्धान्त अनुरूप हेर्दा समाचारपत्रको भाषाहरू आदि, मध्य र अन्त्यको संरचनामा चार अङ्कसम्म संगठित अनुच्छेदमा रहेको पाइन्छ भने त्यसपछिका समाचारपत्रको भाषामा त्यस्तो संरचनाको अनुच्छेद रहेको पाइँदैन । यस्तो संरचना १२ देखि ३४ अनुच्छेदसम्म रहेका छन् । विषयवस्तु प्रयोगगत हिसावले हेर्दा यी समाचारपत्रको भाषाहरूले विभिन्न पाँच वटा विषयवस्तुमा समेटिएका छन् । अध्ययन गरिएका भाषाहरूमा विभिन्न तीन शैलीको प्रयोग गरिएको छ । त्यस्तै शीर्षकहरूका आधारमा अध्ययन गर्दा २ देखि १५ शब्दसम्म रहेको पाइन्छ ।

नेपाली भाषामा प्रयोग गरिएका समाचारको अध्ययनले विभिन्न भाषिक वर्णविन्यासगत त्रुटिहरू गरिएको पाउन सकिन्छ । यस अध्ययनबाट समाचारमा प्रयुक्त भाषाको ह्रस्व, दीर्घहरू सुरुमा ह्रस्व, बीचमा ह्रस्व र अन्त्यमा ह्रस्व हुने त्यस्तै सुरुमा दीर्घ, बीचमा दीर्घ र अन्त्यमा दीर्घ हुने शब्दहरूको मात्र विश्लेषण गरिएको छ । ब, वहरू बोल्दा र लेख्दा दुवै ब हुने, बोल्दा र लेख्दा दुवै व हुने, बोल्दा ब लेख्दा व हुने शब्दहरू, श, ष, ससम्बन्धी शब्दहरूमा हुने त्रुटि, खुट्टो काटिने वा अन्त्यमा स्वर नहुने शब्दमा प्रयोग गरिएको हलन्तमा हुने त्रुटिलाई समेत अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै पदयोग र पदवियोगमा पदयोग हुनुपर्नेमा पदवियोग पदवियोग हुनुपर्नेमा पदयोग लेखिएको पाइन्छ । तत्सम शब्दमा च, छ, ज, झ वर्णभन्दा अगि ञ

लेखिनुपर्नेमा न र तत्सम शब्दमा त, थ, द, ध, वर्णभन्दा अगि न लेखिनुपर्नेमा ञ लेखिएको प्रस्तुत समाचारको अध्ययनबाट स्पष्ट हुन सकिन्छ । उक्त समाचारमा प्रयोग गरिएका भाषागत त्रुटिहरूले अर्थमा अस्पष्टता र अनर्थ लागेको देखिन्छ । त्यसैले ह्रस्व, दीर्घ, ब, व, श, ष, स आदिको व्यवस्थित विन्यास नै नेपाली वर्णविन्यास हो । नेपाली वर्णविन्याससम्बन्धी विभिन्न नियमहरू प्रचलित छन् त्यसको अध्ययन गर्नु महत्वपूर्ण देखिन्छ ।

नेपाली सञ्चार माध्यममा प्रयोग हुने भाषामा ध्वनि, शब्द, पदावली, वाक्य संरचना आदिमा बढी त्रुटिहरू गरिएको पाइन्छ । नेपाली भाषाको राम्रो अध्ययन नभएका व्यतिहरूलाई भाषा सम्पादन गर्न दिइने परिपाटीले गर्दा पनि नेपाली भाषाको प्रयोगमा विचलन देखिएको पाइन्छ । जसलाई निराकरण गर्नको लागि भाषाविद्, भाषावैज्ञानिक, भाषावेत्ताको सम्पादनपछि मात्र प्रकाशन गर्नु नितान्त आवश्यक देखिन्छ ।

# अध्याय पाँच

# निष्कर्ष, सुझाव र उपयोगिता

## ५.१ निष्कर्ष

नेपाली भाषाले सबै क्षेत्र, वर्ग, र व्यवसायका नागरिकका निमित्त उपयोगी हुने सूचना तथा सन्देश, शिक्षा, मनोरञ्जन, आनन्द, खुशी र प्रेरणादायी लेख रचना तथा विभिन्न जात-जातिको भाषा संस्कृति जर्गेना हुने सामग्रीलाई पनि महत्त्व दिनु पर्छ । मुख्यत : सञ्चार माध्यमहरूले भाषिक उत्तरदायित्व र जिम्मेवारी बुझ्नु आवश्यक हुन्छ । समाचारपत्रमा प्रयोग भएको भाषाको अध्ययन तथा विश्लेषणबाट यस अध्ययनले निम्न निष्कर्ष निकालेको छ ।

(क) कुनै पनि व्यक्तिको विचार, भावना र सूचना अर्को व्यक्ति वा समुदायसम्म पुऱ्याउन सञ्चार माध्यमले मुख्य भूमिका निभाएको हुन्छ ।

(ख) दिनहुँ भइरहने असङ्ख्यक र अनगिन्ती घटना र गतिविधिहरूबाट केलाई समाचार बनाउने वा कुन चाहिँलाई प्राथमिकता दिने भन्ने सम्बन्धमा विभिन्न खालका अखवार वा समाचार सङ्गठनहरूमा आ-आफ्नै आधारहरू निर्धारित गरिएका छन् ।

(ग) समाचारमा प्रयुक्त भएका विन्यासक्रम संरचनाका आधारमा अध्ययन गर्दा १ देखि ४ अनुच्छेदसम्म रहेको पाइन्छ । जसमध्ये सबैभन्दा धेरै १ अनुच्छेदका ६० प्रतिशत र सबैभन्दा कम ३ अनुच्छेदका २० प्रतिशत तथा ४ अनुच्छेदका पनि २० प्रतिशत समाचार रहेको पाइन्छ ।

(घ) अध्ययन गरिएका धेरै समाचारहरू विभिन्न अनुच्छेदमा समेटिएको भेटिन्छ ।

(ङ) समाचारको विषयवस्तुका आधारमा अध्ययन गर्दा ६ वटा विषयवस्तुको समाचार लेखिएको पाइन्छ । उक्त विषयमध्ये सबैभन्दा बढी जनचेतना जगाउने खालका ३० प्रतिशत समाचार रहेको पाइन्छ ।

(च) शैलीका आधारमा समाचार स्तम्भमा ४ शैलीको प्रयोग गरिएको देखिन्छ । जसमध्ये अनुरोध शैली सबैभन्दा बढी ७ (७०%) शैलीमा लेखिएको पाइन्छ ।

(छ) धेरैजसो समाचारका शीर्षकहरू ३ शब्दसम्म रहेको पाइन्छ । जसमध्ये २ शब्दका ३० प्रतिशत, ३ शब्दका ५० प्रतिशत, ४ र ५ शब्दका १० प्रतिशत भएको पाइन्छ ।

(ज) समाचार छनौट गर्ने सन्दर्भमा विश्वका अधिकांश समाचारदाता वा समाचार सङ्गठनहरूले मानेका तत्वहरूमा तात्कालिकता, निकटता, ख्याति परिणाम र मानव अभिरूचि मुख्य रूपमा देखिन्छ ।

(झ) अखवारमा प्रयोग गर्ने समाचारका विभिन्न भागहरूलाई कसरी आकर्षक र पठनीय बनाएर पाठकको आँखा आफुतिर तान्ने र पाठकलाई आकर्षिक गर्ने भन्ने महत्वपूर्ण कुरा हो । यस सन्दर्भमा समाचारको शीर्षक र प्रथम पृष्ठको भूमिका विशेष महत्वपूर्ण हुन्छ ।

(ञ) समाचार शीर्षक र प्रथम अनुच्छेद जुन अखवारले आकर्षक र प्रभावशाली बनाउन सक्यो समाचार बजारमा त्यो उत्कृष्ट सावित हुन्छ ।

(ट) नेपाली राष्ट्रिय समाचारहरूले एकदेखि दुई हरफसम्मका शीर्षकको प्रयोग गरिएको पाइन्छ ।

(ठ) प्रस्तुत समाचार शीर्षकहरूमा अधिकांश घटनाहरूलाई नै बढी जोड दिने गरिएको भएपनि प्रभावशाली व्यक्तित्वहरू, तिनका भनाइ र यदाकदा भावलाई पनि प्राथमिकता दिएको पाइन्छ ।

(ड) राजनीतिक विषयका सामग्रीहरूलाई पाठकले बढी रूचि देखाइएको पाइन्छ ।

(ढ) तुलनात्मक रूपमा आर्थिक, सामाजिक, शैक्षिक, स्वास्थ्य, वातावरण लगायतका विषयवस्तुमा पाठकको अभिरूचिमा कम देखिन्छ ।

(ण) पाठकले सबैभन्दा बढी प्रथम पृष्ठमा प्रकाशित सामग्रीमाथि अभिरूचि राख्नाले समाचारको प्रकृतिका आधारमा पाठकहरूको चासो तत्कालिक समाचारमाथि राख्ने गरेको पाइन्छ ।

(त) सामान्यतया समाचार लेखनमा विभिन्न त्रुटि हुने गरेको देखिन्छ ।

(थ) समास्याको रूपमा वर्णविन्यासका नियमका कतिपय अवस्थामा एउटा नियमले अर्को नियमलाई काट्ने गरेको पाइन्छ ।

(द) नेपाली लेखकहरूमा मात्र होइन अखवारहरूका लागि पनि मानक ग्रन्थ बनेको ‘नेपाली बृहत शब्दकोश’ समेत यसबाट चोखो रहन सकेन रहन सकेको पाइदैन ।

(ध) नेपाली अखवारहरूमा देखिएको अर्को समस्या  चन्द्रविन्दुसम्बन्धी त्रुटि हो ।

(न) नेपाली समाचारमा देखिएको अर्को त्रुटि पदयोग र पदवियोगसम्बन्धी त्रुटि हो ।

(प) समयको पछाडि 'देखि' विभक्ति प्रयोग हुनुपर्नेमा ठाउँमा 'बाट' विभक्ति प्रयोग गर्नु त्रुटिपूर्ण चलनलाई अखवारहरूले आत्मसात् गरेको पाइन्छ ।

(फ) ह्रस्व, दीर्घसम्बन्धी त्रुटिहरू व्यापक गरेको पाइन्छ जसले गर्दा समाचारको अर्थको अनर्थ हुने गरेको पाइन्छ ।

(ब) पदयोग, पदवियोगको कारणले पनि भाषिक समस्यामा ठुलो खाडल पारेको छ ।

(भ) त्यस्तै ब, व, श, ष, स, न, ञ, य, र य जस्ता वर्णविन्यासको नियमको अध्ययन नभएको कारणले बढी त्रुटिहरू गरिएको पाइन्छ ।

(म) हलन्त हुनुपर्नेमा अजन्त र अजन्त हुनुपर्नेमा हलन्त लेखिएको देखिन्छ ।

## ५.२ सुझावहरू

प्रस्तुत निष्कर्षका आधारमा केही सुझावहरू समेत दिन सकिन्छ । समाचारको मुख पृष्ठ पूर्णपत्रिको मुटु नै मानिने भएकाले यसको अध्ययनबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपले लाभान्वित हुने वर्ग तथा समुदायका निम्ति निम्न सुझावहरू दिइएको छ :

(क) समाचारपत्रका लेखक, सम्पादक, प्रकाशकहरूमा वर्णविन्यासको भावना र अपेक्षाको बुझाइको कमी रहेको देखिन्छ । नेपाली भाषाको समाचारपत्र स्वतन्त्र एवम् सृजनात्मक लेखनभन्दा भिन्न शिल्प हो भन्नेप्रति सचेतताको कमी समेत रहेकाले लेखकहरूले यसको प्राविधिक पक्षप्रति विशेष चासो देखाउन सक्नुपर्छ । तसर्थ लेखकहरूले छनोट गर्दा त्यसबारे सुझबुझ भएकालाई अवसर लिइने पूर्वसर्तको पालना गर्ने परिपाटी बसाल्नुपर्छ । समाचारमा प्रयुक्त वाक्यहरूको लम्बाइमा विविधता हुनुपर्छ, बराबरी लम्बाइ भएका वाक्यहरूले पाठक वा श्रोतामा अल्छिपन ल्याउँछ ।

(ख) सूचनालाई सोझै नभई घुमाइफिराई वाक्यहरू मुख्य वाक्यसँगै थुप्रै उप वाक्यहरूको प्रयोग अप्रत्यक्ष भनाइले पाठक वा श्रोताको धैर्यतालाई समाप्त पार्दछन् त्यस्तो लेखनबाट

गलत अर्थ बुझिन सक्छ कर्ता, कर्म र क्रियाबीच सबैभन्दा छोटो बाटो अपनाउँदा सहज हुन्छ ।

(ग) समाचारमा आर्थिक, सामाजिक र शैक्षिक एवम् साहित्यिक विषयवस्तुमा न्यून मात्रामा छापिनुले पाठकहरूलाई अखवारले यी विषयका सामग्रीप्रति आकर्षित गर्न नसकिएको पाइन्छ ।

(घ) नेपाली भाषा विभिन्न विषयको बोध र अभिव्यक्तिको माध्यमका लागि हो वा विषयका रूपमा नेपाली साहित्यको अध्ययन वा खास विषयको अध्ययन मात्र हो भन्ने कुरामा समाचारपत्र लेखकहरूमा अस्पष्टता रहेकाले वर्णविन्यास लेखन तथा परिमार्जनका लागि प्रशिक्षणको आवश्यक व्यवस्था गरिनु जरूरी पर्छ ।

(ङ) धेरैजसो समाचारमा जटिल वाक्यको प्रयोग गरिएको पाइन्छ । जसलाई कम गर्नु उपयुक्त हुन्छ ।

(च) उक्त समाचारमा प्रयोग गरिएका वाक्यलाई एकै अनुच्छेदमा सकिएको छ । त्यसैले पाठकलाई शुरू, मध्य र अन्त्यका बारेमा स्पष्ट नहुन सक्छ ।

(छ) समाचारमा सरल र संक्षिप्त भाषा शैलीको प्रयोग गर्नुपर्छ जसले बस्तुगत अर्थ दिन सकोस् ।

(ज) समाचारमा त्रुटिको न्यूनिकरणका लागि वर्णविन्यास लगायतका सामान्यभन्दा सामान्य त्रुटिमा पनि विशेष ध्यान दिनु उपयुक्त हुन्छ ।

(झ) समाचारमा छोटा वाक्यहरूको प्रयोग गर्ने किनकी छापा माध्यममा प्रयोग गरिने एउटा वाक्य २५-३० शब्दभन्दा लामो हुनुहुँदैन ।

(ञ) सरल वाक्य पनि छोटा वाक्यमा लेख्नु पर्दछ । जसको अध्ययनले पाठकमा स्पष्टता ल्याओस् ।

(ट) नेपाली अखवारहरूले वर्णविन्यासका क्षेत्रमा उकारमा भन्दा इकारमा बढी त्रुटि गरेकालाई ध्यान दिनुपर्छ ।

(ठ) समाचारका वर्णविन्यासहरूको प्रकृति र विज्ञापनका नमुनाबीचको तालमेल हुनु पर्ने कुरामा कमै वास्ता गरिएको देखिएकाले त्यसको समुचित सन्तुलन मिलाउनमा जोड दिइनुपर्छ ।

(ड) समाचारलाई पठनीय बनाउनको लागि तथ्यहरूको बीचमा उद्धरण र अप्रत्यक्ष कथनहरूलाई समावेश गर्नु उचित हुन्छ ।

(ढ) नेपाली समाचारलाई सरल, पठनीय र आकर्षक बनाउन अखवारहरूले सजिला सर्वसाधरणले बुझ्ने गरी भाषा वा शब्दको प्रयोग गर्ने प्रवृत्तिको विकास हुनुपर्छ ।

(ण) झर्रो वा मौलिक शब्द छँदा छँदै सर्वसाधरणले नबुझ्ने संस्कृत शब्दहरू राख्ने मोह नेपाली अखवारले त्याग्नु वेस हुन्छ ।

(त) अखवारी पत्रकारिता धराशायी बन्दै गएको र इन्टरनेटमा आधारित पत्रपत्रिका फस्टाइरहेको अवस्थामा अखवारहरूले आफ्नो दिगो भविष्यका लागि पाठक स्तम्भहरू फराकिलो बनाउनु आवश्यक देखिन्छ ।

(थ) प्राय : अखवारहरूमा सबैभन्दा बढी राजनीतिक समाचारमा विशेष जोड दिएको तर आर्थिक, सामाजिक, शैक्षिक, स्वस्थ्य, खेलकुद लगायतका जन चासोका र मानवीय अभिरूचिका विषयवस्तुका सामग्रीलाई पनि अग्रपृष्ठमा स्थान दिनु उचित देखिन्छ फलस्वरूप पाठकले ध्यान दिन सकून ।

(द) शीर्षकमा प्रयोग गरिएको भाषा जटिल र लामाको सट्टा थोरैमा धेरै बुझाउने शीर्षकहरूमा प्रयोग हुने भाषा पनि स्पष्ट र सबैले बुझ्ने खालको हुन आवश्यक देखिन्छ ।

(ध) समाचार लेखिसकेपछि वा आवश्यक सम्पादन गरिसकेपछि पटक-पटक लेखनलाई पुनरावलोकन गर्नु उपयुक्त हुन्छ ।

(न) समाचार लेख्दा संवादाताले शैली पुस्तिकाको प्रयोग गर्नु वेस हुन्छ ।

(प) वर्णविन्यासका नियम, भाषिक नियमको ख्याल राख्दै भाषिक त्रुटिमा ध्यान दिनु आवश्यक देखिन्छ ।

(फ) वर्णविन्यासलाई ज्ञानका रूपमा भन्दा भाषाप्रयोगको परिष्कारका लागि उपयोगी हुने दृष्टिले सममाचारपत्रका विभिन्न पृष्ठका प्रकृतिअनुरूप सन्तुलित वितरण गरिनुपर्छ ।

(ब) भाषा समाचारको कार्यान्वयन तथा प्रयोगबारे व्यवस्थित अध्ययन अनुसन्धानमा ध्यान दिनुपर्छ । त्यसका लागि पाठकहरूको शब्दभण्डार र वाक्यसंरचनाको स्तरणबारे व्यवस्थित अध्ययन अनुसन्धान हुनु जरूरी हुन्छ ।

(भ) समाचारपत्रहरूको छपाइशद्धि र अन्य साजसज्जप्रति कम वास्ता भएको देखिएकाले त्यसबारे सम्बन्धित क्षेत्रले विशेष सावधानी बर्तनु आवश्यक देखिन्छ ।

उपयुक्तमाथिका बुदाँमा जिल्ला स्तरका नेपाली समाचारपत्रका भाषाको वर्णविन्यासगत त्रुटिहरूमा देखा पर्ने केही प्रमुख कमी कमजोरी र तिनका कारणबारे यहाँ सरसर्ती उल्लेख गरियो । प्रचलित समाचारपत्रहरूलाई सुधार एवम् परिष्कार गर्न यस्ता पक्षहरूप्रति विशेषतः समाचारपत्रका लेखकहरूले वर्णविन्यासमा विशेष ध्यान दिन सकेमा समाचारपत्रको नेपाली भाषाको वर्णविन्यास उद्देश्यअनुरूपको बाटोमा डोऱ्याउन निश्चय नै मद्दत मिल्ने आशा गर्न सकिन्छ ।

## ५.३ उपयोगिता

यस शोधको उपयोगितालाई निम्नानुसारका सुझावअन्तर्गत नीतिगत र प्रयोगगत तहबाट बुझ्न सकिन्छ।

नेपाली भाषाको विचलन मुख्य रुपमा कथ्य भाषामा देखिए पनि यसका अतिरिक्त लेख्य भाषामा समेत देखापर्न थालेको छ । समाचारमा नेपाली वर्णविन्यासमा ह्रस्व, दीर्घ, पदयोग, पदवियोग, श, ष, स, ब, व, य, ए, हलन्त जस्ता त्रुटिहरू गरेको पाइन्छ । त्यस्तै नेपाली भाषामा ध्वनि, शब्द, पदावली, वाक्य संरचना आदिमा पनि त्रुटिहरू गरेको देखिन्छ । यसको मुख्य कारण भनेको वर्णविन्याससम्बन्धीको स्पष्ट नियम बन्न नसक्नु तथा अन्य भाषाको मिश्रणको प्रयोग गर्नुलाई लिन सकिन्छ । लामा लामा मिश्र वाक्य र संयुक्त वाक्यको प्रयोग गरेर पाण्डित्य दर्शाउन खोज्नाले पनि वाक्यको पदक्रममा विचलन देखिएको पाइन्छ ।

वाक्य संरचनाका आधारमा सरल र जटिल वाक्यको प्रयोग गरिएको पाइन्छ । जसमध्ये तुलनात्मक रूपमा सरल वाक्यभन्दा जटिल वाक्यको प्रयोग बढी गरिएको पाइन्छ । त्यस्तै ध्रुवीयताको स्थितिलाई नियाल्दा करण वाक्यको तुलनामा अकरण वाक्यको प्रयोग कम प्रयोग गरिएको विवरण स्पष्ट, बोधगम्य र सरल रूपमा देख्न सकिन्छ । पदसङ्गतियुक्त वाक्यहरूको प्रयोग व्यापक रूपमा गरिएको देखिन्छ ।

नेपाली भाषाको राम्रो ज्ञान नभएका व्यक्ति नै सम्पादक, समाचार वाचक, उद्घोषक कार्यक्रम प्रस्तोताका रूपमा रहनाले पनि नेपाली भाषाका लिङ्ग, वचन, काल, पुरुष जस्ता व्याकरणिक कोटिका शब्द प्रयोगमा विचलन आएको देखिन्छ । नेपाली सञ्चार क्षेत्रका पाठ्य, श्रव्य र दृश्य माध्यममा प्रयुक्त नेपाली भाषामा उपर्युक्त अनेक कारणले देखा पर्ने प्रमुख त्रुटिको निराकरणका निम्ति सु-व्यवस्थित र समन्वयपूर्ण प्रयास जरूरी छ । यसमा साञ्चारिक लेख्य कथ्य नेपाली भाषाको प्रायोगिक पक्षको निरन्तर अनुसन्धान र अनुगमन गरी सुधारमा उपयुक्त नीति निर्माणको कार्ययोजना ल्याई कार्यान्वयन नगरी वैज्ञानिक, वैधानिक र प्रामाणिक समाचार बन्न सक्दैन ।

समाचारपत्रको वर्णविन्यासमा देखिएका त्रुटिहरूलाई निराकरण गर्नका लागि निम्न नीतिगत तथा प्रयोगत तहबाट सुधार गर्दै लानु जरुरी देखिन्छ :

## ५.३.१ नीतिगत तह

(१) समाचारपत्रका लेखक, सम्पादक, प्रकाशकहरूमा वर्णविन्यासको भावना र अपेक्षाको बुझाइको कमी रहेको देखिन्छ । नेपाली भाषाको समाचारपत्र स्वतन्त्र एवम् सृजनात्मक लेखनभन्दा भिन्न शिल्प हो भन्नेप्रति सचेतताको कमी समेत रहेकाले लेखकहरूले यसको प्राविधिक पक्षप्रति विशेष चासो देखाउन सक्नुपर्छ । तसर्थ लेखकहरूले छनोट गर्दा त्यसबारे सुझबुझ भएकालाई अवसर लिइने पूर्वसर्तको पालना गर्ने परिपाटी बसाल्नुपर्छ ।

(२) नेपाली भाषा विभिन्न विषयको बोध र अभिव्यक्तिको माध्यमका लागि हो वा विषयका रूपमा नेपाली साहित्यको अध्ययन वा खास विषयको अध्ययन मात्र हो भन्ने कुरामा समाचारपत्र लेखकहरूमा अस्पष्टता रहेकाले वर्णविन्यास लेखन तथा परिमार्जनका लागि प्रशिक्षणको आवश्यक व्यवस्था गरिनु जरुरी पर्छ ।

(३) विद्यालय तहमा राष्ट्रभाषा नेपालीको पठनपाठनको प्रयोजनप्रति अस्पष्टता र अन्योल कायमै रहेकाले त्यसको निराकरण गर्न सम्बद्ध लेखक, समाचार निर्माता र शिक्षकहरूका बीच वेलाबखत अन्तरक्रिया, गोष्ठी आदि भइरहनु आवश्यक छ ।

(४) बोध र अभिव्यक्तिको माध्यमका रूपमा नेपाली भाषाको अध्ययन गरिँदा पाठकको स्थितिलाई समेत दृष्टिगत गरि समाचारपत्रका वर्णविन्यास छनोट गरिनुपर्छ । साथै लेखक सम्पादकहरूले समसामयिक, सन्दर्भपूर्ण एवम् विविधतापूर्ण मानक नेपाली भाषाका दृष्टिले समाचारपत्रका वर्णविन्यासहरूको संयोजन गर्नेतर्फ ध्यान दिनु आवश्यक हुन्छ ।

(५) समाचारका वर्णविन्यासहरूको प्रकृति र विज्ञापनका नमुनाबीचको तालमेल हुनु पर्ने कुरामा कमै वास्ता गरिएको देखिएकाले त्यसको समुचित सन्तुलन मिलाउनमा जोड दिइनुपर्छ ।

(६) वर्णविन्यासलाई ज्ञानका रूपमा भन्दा भाषाप्रयोगको परिष्कारका लागि उपयोगी हुने दृष्टिले सममाचारपत्रका विभिन्न पृष्ठका प्रकृतिअनुरूप सन्तुलित वितरण गरिनुपर्छ ।

(७) भाषा समाचारको कार्यान्वयन तथा प्रयोगबारे व्यवस्थित अध्ययन अनुसन्धानमा ध्यान दिनुपर्छ । त्यसका लागि पाठकहरूको शब्दभण्डार, वाक्यसंरचना, बोध र अभिव्यक्तिको स्तरणबारे व्यवस्थित अध्ययन अनुसन्धान हुनु जरूरी हुन्छ ।

(८) समाचारपत्रहरूको छपाइशद्धि र अन्य साजसज्जप्रति कम वास्ता भएको देखिएकाले त्यसबारे सम्बन्धित क्षेत्रले विशेष सावधानी बर्तनु आवश्यक देखिन्छ ।

(९) विभिन्न सञ्चार माध्यमले प्रयोग गर्ने कथ्य, श्रव्य र लेख्य-पाठ्य सामग्रीमा नेपाली भाषाको शुद्धता।, स्तरीयता, बोधगम्यता र प्रभावकारिताको प्रवर्द्धन गर्ने नियमित र निरन्तर संस्थागत व्यवस्था गरी नेपाली भाषाका विभिन्न विद्वान, भाषाविद् तथा भाषावैज्ञानिकको प्रतिनिधित्व गराउनु पर्ने देखिन्छ ।

## ५.३.२ प्रयोगगत तह

(१०) नेपाली भाषाका प्रमुख समस्या र त्रुटि क्षेत्रको सर्वेक्षण, सङ्कलन र पहिचान गरी खासगरी स्तरीय वर्णविन्यास र उच्चारणको व्यवस्थाको लागि विद्वत वर्गको आवश्यक देखिन्छ ।

(११) आम सञ्चार तथा नेपाली पत्रकारीत क्षेत्रमा सम्बद्ध जनशक्तिको क्षमता अभिवृद्धिका लागि भाषा प्रशिक्षण तालिम र अध्ययन आदिको व्यवस्था गरिनुपर्ने देखिन्छ ।

(१२) नेपाली भाषाले सबै वर्ग, क्षेत्र, लिङ्ग, जाति र व्यवसायका नागरिकका निमित्त उपयोगी हुने सूचना तथा सन्देश, शिक्षा, मनोरञ्जन र प्रेरणादायी लेख रचना तथा विभिन्न जातजातिको भाषा, संस्कृति, परम्परा र रितीरिवाजको जर्गेना हुने सामग्रीहरूलाई पनि महत्व दिनुपर्ने देखिन्छ ।

(१३) नेपाली भाषाका माध्यमबाट सर्वसाधरण जनतालाई राष्ट्रिय सम्पदाहरूको महत्वबोध गराई तिनीहरूको संरक्षण र सम्वर्द्धनमा सचेत, सजग र प्रेरणा दिने खालका सामग्रीहरू प्रस्तुत गर्नुपर्छ ।

(१४) नेपालीमा आफ्नो राष्ट्रभाषा र मातृभाषाप्रति गौरवको अनुभूति गराई आत्मविश्वास पैदा गराउने खालका सामग्री प्रकाशन तथा प्रसारण गर्नुपर्छ ।

(१५) नेपाली सञ्चार माध्यमहरूमा प्रयुक्त नेपाली भाषाका विभिन्न भाषाविद्हरूको पनि संलग्न निरन्तर हुनुपर्ने देखिन्छ ।

(१६) सरकारी तथा गैरसरकारी क्षेत्रको लगानी र संलग्नतामा सञ्चालित नेपाली विद्युतीय सञ्चार माध्यममा नेपाली भाषाबाट दूर शिक्षा प्रणालीको विकासमा जोड दिनुपर्ने आवश्यक देखिन्छ ।

(१७) सञ्चार माध्यमको भाषाले नेपाली मन मुटु छुन गाँउदेखि शहरसम्म पुग्न सक्नुपर्छ ताकी बौद्धिक वर्गमा मात्र केन्द्रीत नभइ सर्वसाधरण जनताले पनि बुझ्न सक्ने भाषाको चयन हुनु आवश्यक हुन्छ ।

(१८) समाचारमा प्रयुक्त विज्ञापनमा भाषाशैली एवम् सांस्कृतिक विषयवस्तुको अनुगमन गरी विज्ञापनलाई मर्यादित, व्यवसायिक, रोचक र प्रभावकारी बनाउनु उपयुक्त हुन्छ ।

(१९) नेपाली भाषाले समाजका मुल्य मान्यता, संस्कृति र आदर्शहरूको संरक्षण गरेको हुन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै भाषाको आचार संहिताको निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक हुन्छ ।

(२०) विज्ञापन प्रकाशन तथा प्रसारण गर्दा राष्ट्र, समाज र नागरिकको हितमा आघात पार्ने अश्लिल र विकृति बढाउने खालका शब्दको प्रयोग नगर्ने । यस्ता शब्द चयन गराएर विचलन ल्याउन खोजेमा त्यस्ता प्रकाशनलाई आचारसंहिता बनाई लागू गर्ने गराउने ।

(२१) अश्लिल विज्ञापनको प्रकाशनबाट अचुक आम्दानी लिनको लागि महिलाको छविलाई नकारात्मक प्रस्तुत गर्ने खालको प्रसारणलाई निरुत्साहित गर्ने ।

(२२) नेपाल आफ्नै मौलिक विशेषता भएको राष्ट्रभाषा नेपाली बहुल जाति, भाषा, धर्म र संस्कृतिको विशिष्ट पहिचान भएका अखण्ड राष्ट्रका सार्वभौम जनताको अग्रगामी

भावनाअनुसार सबै नेपाली भाषाभाषिको सम्पर्क भाषा भनेको नेपाली भाषाको विस्तार र विकास आवश्यक देखिन्छ ।

उपर्युक्त बुदाँमा जिल्ला स्तरका नेपाली समाचारपत्रका भाषाको वर्णविन्यासहरूमा देखा पर्ने केही प्रमुख कमी कमजोरी र तिनका कारणबारे यहाँ सरसर्ती उल्लेख गरियो । प्रचलित समाचारपत्रहरूलाई सुधार एवम् परिष्कार गर्न यस्ता पक्षहरूप्रति विशेषतः समाचारपत्रका लेखकहरूले वर्णविन्यासमा विशेष ध्यान दिन सकेमा समाचारपत्रको नेपाली भाषाको वर्णविन्यास उद्देश्यअनुरूपको बाटोमा डोऱ्याउन निश्चय नै मद्दत मिल्ने आशा गर्न सकिन्छ ।

नेपाली भाषामा प्रयोग गरिएका समाचारको अध्ययनले विभिन्न भाषिक वर्णविन्यासगत त्रुटिहरू गरिएको पाउन सकिन्छ । यस अध्ययनबाट समाचारमा प्रयुक्त भाषाको ह्रस्व, दीर्घहरू सुरुमा ह्रस्व, बीचमा ह्रस्व र अन्त्यमा ह्रस्व हुने त्यस्तै सुरुमा दीर्घ, बीचमा दीर्घ र अन्त्यमा दीर्घ हुने शब्दहरूको मात्र विश्लेषण गरिएको छ । ब, वहरू बोल्दा र लेख्दा दुवै ब हुने, बोल्दा र लेख्दा दुवै व हुने, बोल्दा ब लेख्दा व हुने शब्दहरू, श, ष, ससम्बन्धी शब्दहरूमा हुने त्रुटि, खुट्टो काटिने वा अन्त्यमा स्वर नहुने शब्दमा प्रयोग गरिएको हलन्तमा हुने त्रुटिलाई समेत अध्ययन विश्लेषण गरिएको छ । त्यस्तै पदयोग र पदवियोगमा पदयोग हुनुपर्नेमा पदवियोग पदवियोग हुनुपर्नेमा पदयोग लेखिएको पाइन्छ । तत्सम शब्दमा च, छ, ज, झ वर्णभन्दा अगि ञ लेखिनुपर्नेमा न र तत्सम शब्दमा त, थ, द, ध, वर्णभन्दा अगि न लेखिनुपर्नेमा ञ लेखिएको प्रस्तुत समाचारको अध्ययनबाट स्पष्ट हुन सकिन्छ । उक्त समाचारमा प्रयोग गरिएका भाषागत त्रुटिहरूले अर्थमा अस्पष्टता र अनर्थ लागेको देखिन्छ । त्यसैले ह्रस्व, दीर्घ, ब, व, श, ष, स आदिको व्यवस्थित विन्यास नै नेपाली वर्णविन्यास हो । नेपाली वर्णविन्याससम्बन्धी विभिन्न नियमहरू प्रचलित छन् त्यसको अध्ययन गर्नु महत्वपूर्ण देखिन्छ ।

नेपाली सञ्चार माध्यममा प्रयोग हुने भाषामा ध्वनि, शब्द, पदावली, वाक्य संरचना आदिमा बढी त्रुटिहरू गरिएको पाइन्छ । नेपाली भाषाको राम्रो अध्ययन नभएका व्यतिहरूलाई भाषा सम्पादन गर्न दिइने परिपाटीले गर्दा पनि नेपाली भाषाको प्रयोगमा विचलन देखिएको पाइन्छ । जसलाई निराकरण गर्नको लागि भाषाविद्, भाषावैज्ञानिक, भाषावेत्ताको सम्पादनपछि मात्र प्रकाशन गर्नु नितान्त आवश्यक देखिन्छ ।

## ५.४ भावी अध्ययनका लागि सम्भावित शोध शीर्षकहरू

(क) समाचारको भाषा र इन्टरनेटको भाषाबीचको तुलनात्मक अध्ययन,

(ख) समाचारको भाषाको पारिभाषिक अध्ययन,

(ग) विज्ञापनमा प्रयोग गरिएको कोड मिश्रणको विश्लेषणात्मक अध्ययन,

(घ) स्थानीय र राष्ट्रिय समाचारपत्रको भाषाको तुलनात्मक अध्ययन ।